लेखापरीक्षण प्रतिवेदन

गौर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

गौर नगरपालिका, रौतहट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/616

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

श्रीमान नगरप्रमुखज्यू,
गौर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, रौतहट ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/616

श्रीमन् नगरप्रमुखज्यू ,

गौर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

रौतहट ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु १ अर्ब ३१ करोड ८१ लाख ५ हजारको लेखापरीक्षणबाट रु. ३ करोड ९८ लाख १८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ६ लाख ५० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु ६१ लाख ५४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४८ लाख ८६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७७ लाख ४३ हजार र पेश्की बाँकी रु.३ लाख ८५ हजार गरी जम्मा रु.३ करोड ९१ लाख ६८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.४७ करोड ८७ लाख २१ हजार मध्ये रु. ९० लाख ९१ हजार फर्स्यौट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.५० करोड ८७ लाख ९८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट संपरीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६६	४३	३,९८,१७,८२६	०	१	६,५०,०००	०	६६	४२	३,९१,६७,८२६	६१,५३,५२८	१,७७,४३,१३३	१,४८,८६,१६५	०	०	३,२६,२९,२९८	३,८५,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष संपरीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रौतहट	४७,८७,२१,३३२	०	९०,९१,५५७	४६९६२९७७५	०	३,९१,६७,८२६	५०८७९७६०१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२		माध्यमिक विद्यालय टिकुलिया	६,५०,०००
२	२०८०/८१		सडक बती जडान तथा मर्मत कार्य	३२,९४,२८६
३	२०८०/८१		सटर भाडा	५८,८००
४	२०८०/८१		विज्ञापन कर	६२,०००
५	२०७८/७९		वित्तीय विवरण परीक्षण	२५,०८,७८८
६	२०७८/७९		रितपूर्बकको कर बिजक	५७,४५३
७	२०७८/७९		बाल उद्यान (चिल्ड्रेन पार्क) निर्माणको डिपिआर	१९,९४,२०५
८	२०७८/७९		पेश्की बाँकी	१०,९१,२२५

९	२०७८/७९		पारिश्रमिक कर	२४,८००
जम्मा				९७,४१,५५७

गौर नगरपालिका, रौतहट

(८०२२०४०६३००)

गौर नगरपालिका , रौतहट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्धेश्य रहेको छ । यस गौर नगरपालिकामा ९ वडा रहेका छन भने क्षेत्रफल २१.५३ वर्ग किलोमिटर तथा ६९२८३ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।५।१५ देखि २०८२ ।६।३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- यस बर्ष २०८१।८२ मा पालिकाको कुल आय र व्यय समेत जम्म रु. १ अर्ब ३१ करोड ८१ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फारम नं. २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२२२६०६८१.४३	चालु खर्च		३३९७६५१७६.८५
१. संचित कोष	१२९७१३७२.२४		१. पालिका तर्फ	१४०१२२४५४.७६	
२.धरौटी	८१२८०४२.३६		२. संघीय सशर्त	१९६६४२७२२.०९	
३.कार्य सञ्चालन कोष	११६१२६६.८३		३. संघीय विशेष	०	
४. अन्य कोष			४. प्रदेश सशर्त	०	
यस वर्षको आय		४६७७९१९७१.८१	५. प्रदेश विशेष	३००००००	
१.आन्तरिक आय	२३०३६८८५.७५		पुँजीगत खर्च		१५८५२२५४९.
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	९९८५८७६१	
क) समानीकरण अनुदान	१०९३७७९२०		२. संघीय सशर्त	३५३५६३३५	
ख) राजस्व बाँडफाँट	७५८०४७३५.०६		३. संघीय विशेष	१५५९५४३०	
ग) सशर्त अनुदान	२४३९७७०००		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान	०		५. प्रदेश सशर्त	६४३०६९६	
ङ) विशेष अनुदान	१५५९५४३१		६. प्रदेश विशेष	०	
च) रोयल्टी	०		७. प्रदेश समपुरक	१२८१३२७	
छ) अन्य (स्थानीय राजश्व बाँडफाँड)	१३३९३८६८		अन्तर सरकारी अख्तियारी (संघ)		११८८६८६६०.६७
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२८३१०७८०.	क) सामाजिक सुरक्षा	११६३४३६८९.६७	
क) समानीकरण अनुदान	८६०३०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१९६०७५०	
ख) राजस्व बाँडफाँट	५३०७७८०		ग) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	५६४२२१	
ग) सशर्त अनुदान	९४०००००		अन्तर सरकारी अख्तियारी (प्रदेश)	३८३१८६८	३८३१८६८
घ) समपुरक अनुदान	२००००००		ऋण फिर्ता (साँवा)	३६७७९४६	३६७७९४६
ङ) विशेष अनुदान	३००००००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी	०		धरौटी फिर्ता तथा सदर स्याहा	२०७९६९१	२०७९६९१
छ) अन्य	०		कार्यसञ्चालन कोषबाट भएको खर्च		१५८४४६२४.
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२५८२१६७८.६७	क. प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	४३६५००	
क) सामाजिक सुरक्षा	११६३४३६८९.६७		ख. सशक्त महिला र समृद्ध नेपाल परियोजना	१५११४३०	
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१९६०७५०		ग. रोजगार प्रवर्द्धन कार्यक्रम(सामी)	४१६७६०	
ग) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	५६४२२१		घ. सडकबोर्ड नेपाल	५७७३३९७	
५. अन्तर सरकारी अख्तियारी	३८३१८६८		ङ. कर्मचारी कल्याण कोष	४६९९८५६	

(प्रदेश)					
६. ऋण/ **वित्तीय व्यवस्था**	०		च. प्रकोप व्यवस्थापन कोष	२५६८६८१	
७. धरौटी आय	३१२११५०		अन्य कोषबाट भएको खर्च (विभाज्य कोष)	४३८०००	
ट. **कार्यसञ्चालन कोष आय**		२४५०९८८१.	गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
क. प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	४३६५००		अन्य सहयोगमा सञ्चालित योजना	०	
ख. सशक्त महिला र समृद्ध नेपाल परियोजना	१५११४३०		अन्य खर्च भएमा (विविध खर्च खाता)	२०३००	२०३००
ग. रोजगार प्रवर्द्धन कार्यक्रम(सामी)	४१६७६०		अनुदान फिर्ता		११९७७९४३.९१
घ. सडकबोर्ड नेपाल	५७७३३९७		१. संघ तर्फ		
ङ. कर्मचारी कल्याण कोष	४७७६४२७		क) सशर्त अनुदान	११९७७९४२.९१	
च. प्रकोप व्यवस्थापन कोष	२५०००००		ख) विशेष अनुदान	१	
९. अन्य कोषको आय (विभाज्य कोष)	२८३०००		ग) समपुरक अनुदान	०	
१०. **गैरसरकारी संस्थाबाट सञ्चालित योजना (ज.स.)**	८८१२३६७		२. प्रदेश तर्फ		३६८७९७७.
११. **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना**	०		क) सशर्त अनुदान	२९६९३०४	
१२. **अन्यआय भएमा**			ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	७१८६७३	
			अन्तिम मौज्दात		२३८१२१२४.४८
			१. संचित कोषको मौज्दात	१३६४८७६६.२९	
			२. धरौटी	९१६९५०१.३६	
			३. कार्य सञ्चालन कोष	९९३८५६.८३	
			४. अन्य कोष		
जम्मा	६८२०८८८६०.९१	६६८६९४९९२.९१	जम्मा	६८२०८८८६०.९१	६८२०८८८६०.९१

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	ज
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर		१०,०१,२२,२६०.६६	०.००	१०,
१३०००	अनुदान		३८,५०,९९,७९७.०९	०.००	३८,५
१४०००	अन्य राजस्व		१,७४,१८,९४५.१५	०.००	१,
क	**कुल जम्मा प्राप्ति**		५०,२६,४१,००२.९०		५०,
२	चालु		३३,९७,६५,१७६.८५	०.००	३३,९
२१०००	पारिश्रमिक / सुविधा		१६,९२,४३,५५९.८४	०.००	१६,९
२२०००	मालसामान तथा सेवाको उपयोग		१३,२६,२३,८४७.११	०.००	१३,
२५०००	सहायता (Subsidy)		३,४०,७५०.००	०.००	
२६०००	अनुदान		३,००,४०,५६०.९०	०.००	३,
२७०००	सामाजिक सुरक्षा		६४,५५,७४५.००	०.००	६
२८०००	अन्य खर्च		१०,६०,७१४.००	०.००	
४	पूंजीगत		१५,८५,२२,५४९.००	०.००	१५,
३१११०	भवन तथा संरचना		४,१६,५१,७२२.००	०.००	४,
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३२,१३,१८१.००	०.००	
३११३०	अन्य पूँजीगत खर्च		२५,५१,३०१.००	०.००	
३११५०	सार्वजनिक निर्माण		११,१०,०७,५६०.००	०.००	११,
३११६०	निर्मितसरचनाको सुधार खर्च		९८,७८५.००	०.००	
३११७०	पूँजीगत सुधार खर्च		०.००	०.००	
५	वित्तीय		३६,७७,९४६.००	०.००	३
३३१४७	अन्य संस्थाहरूबाट ऋण प्राप्ति साँवा भुक्तानी		३६,७७,९४६.००	०.००	३
ख)	**कुल जम्मा भुक्तानी**		५०,१९,६५,६७१.८५		५०,९
ग)	**बचत /कमी (ग = क-ख)**		६,७५,३३१.०५		
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		८,७४,०४९.००		
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**				
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		१५,४९,३८०.०५		
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		२,२२,६०,६८१.४३		२,
छ)	**विनिमय नाफा/घाटा तथा अन्य समायोजन**				
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		२,३८,१०,०६१.४८		२,

३ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा कुनै फरक देखिएको छैन। यस वर्षको प्राप्ति रू. १५७१८७१७७ यस वर्षको भुक्तानी रू. १५६३११०६५ र बैङ्क मौज्दात रू.२०६३ ले फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन	२२२६०६८१	५०२६४१००३	५०१९६५६७२	२३८१००६१
एकीकृत आर्थिक विवरण अनुसार	२२२६०६८१	६५९८२८१८०	६५८२७६७३७	२३८१२१२४
फरक	०	(१५७१८७१७७)	(१५६३११०६५)	(२०६३)

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका नगरप्रमुखले मिति २०८१।३।७ गते रु ५७ करोड ३७ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।३।२३ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०८१।३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५ **नीति तथा मार्गदर्शन**

पालिकाको आ.व. २०८१।८२ को नीति तथा मार्गदर्शन २०८१ असार १० गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

- गौरको मुटुको रुपमा रहेको राइस मिलको जग्गा अधिग्रहण गर्ने
- विगतमा बरहवा खोलामा भएको अव्यवस्थित, अवैज्ञानिक निर्माण कार्यलाई व्यवस्थित गरी फोहोर पानीबाट दुर्गन्धित हुन नदिन वडा नं. ५ देखि वडा नं. १ को भारतीय सिमाना सम्म आधुनिक ड्रेनेज सिस्टमको निर्माण कार्यको गर्ने
- विगतमा निर्माण कार्य शुरु भई निर्माणाधिन रहेको जुद्ध नमुना माध्यामिक विद्यालयको छात्रावास तथा क्यान्टिन समेत आगामी आ.व. भित्र सम्पूर्ण निर्माण कार्यहरु सम्पन्न गराई प्रयोगमा ल्याउने,
- नगरक्षेत्र भित्र यात्री र सेवाग्राहीहरुको अत्याधिक चाप हुने सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय र विश्रामस्थल निर्माण गर्ने
- नगरपालिका भित्र बाईपास रोड निर्माण कार्यलाई अगाडि बढाउने,
- गौर न.पा. वडा नं. ४ सोवर्णामाई नजिक लालबकैया नदीमा अन्तर स्थानीय तह (ईशनाथ) जोड्ने झोलुङ्गेपुल निर्माण गर्ने
- नगरक्षेत्र भित्र निर्माण हुने भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाउने,
- आगामी आ.व. देखि नगरका प्रत्येक वडामा पहिलो चरणमा कम्तीमा १०० जनाको निःशुल्क स्वास्थ्य चिमा गर्ने नीति लिने,
- नगरक्षेत्र भित्रका कृषि उपज तथा पशुपंक्षीजन्य उत्पादन, सम्बर्द्धन तथा बजारीकरण गर्न न्यून दरमा कृषि एम्बुलेन्स कृषकहरुलाई उपलब्ध गराउने,
- व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने व्यवसायीलाई अनुदानको व्यवस्था मिलाउने, आदि ।

६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन् ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको श्रेष्ता र बैंकबीचको हिसाव फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४८ जनाको दरबन्दी रहेको विवरण पेश भएकोमा १९ कर्मचारी रिक्त भएको र रिक्त मध्ये ४ जना मात्र लोक सेवा आयोगमा माग गरी पठाएको विवरण पेश भएको छ । दरबन्दी अनुसार पदपूर्ति भएको पाईएन ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।
- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको पाइएन ।
- पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन भएको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु. १५ करोड ८५ लाख २३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा १ करोड ३७ लाख १० हजार अर्थात ८.६५ प्रतिशत, दोस्रो त्रैमासिकमा ३ करोड ६१ लाख ७७ हजार अर्थात २२.८२ प्रतिशत तेस्रो त्रैमासिकमा रु. ४ करोड ९ लाख ८२ हजार अर्थात २५.८५ प्रतिशत र चौथो त्रैमासिकमा रु. ६ करोड ७६ लाख ५३ हजार अर्थात ४२.६८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा रु. ३ करोड १४ लाख ६१ हजार अर्थात १९.८५ प्रतिशत खर्च देखिनुले अन्तिम त्रैमासिकमा बढी रकम भुक्तानी भएकोले खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।

क्र.स.	बजेट उपशीर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिना
१	पूँजीगत खर्चतर्फ	१५८५२३	१३७१०	३६१७७	४०९८२	६७६५३	३१४६१
	प्रतिशत		८.६५	२२.८२	२५.८५	४२.६८	१९.८५

९ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. २ करोड ३० लाख ३७ हजार, गत वर्षको मौज्दात रू. २ करोड २२ लाख ६१ हजार राजस्व बाँडफाँट रू. ९ करोड ४५ लाख ६ हजार, अनुदानबाट रु. ३९ करोड १९ लाख ५३ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. १२ करोड ५८ लाख २२ हजार, विविध आय रू. २ करोड ४५ लाख १० हजार समेत रू. ६८ करोड २० लाख ८९ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३३ करोड ९७ लाख ६५ हजार, पूँजीगत तर्फ रु. १५ करोड ८५ लाख २२ हजार र वित्तीय व्यवस्था भुक्तानी रू. १५ करोड ९९ लाख ८९ हजार समेत रु. ६५ करोड ८२ लाख ७७ खर्च भएको छ। चालु तथा पूँजीगत खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ४.६२ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू. १ करोड २९ लाख ७९ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५० प्रतिशत भन्दा बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८.१८ प्रतिशत चालु र ३१.८२ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

११ बार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५ करोड ८५ लाख २२ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१२ सेवाप्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार विभिन्न कानून स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट स्वीकृत घरनक्सा दर्ता पास ४३ वटा, जन्म दर्ता ६०४ वटा, मृत्यु दर्ता ४७ वटा, विवाह दर्ता २०९ वटा गरेको विवरण प्राप्त भएको छ। पालिकाले पेश गरेको विवरण अनुसार पर्वाधार

निर्माण तर्फको विवरण पेश गरेको छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१३ गुणस्तर

सामान खरिदमा गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्फेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले टुक्रे खरिद गर्दा अधिकांशमा स्फेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन। स्फेसिफिकेशन स्पष्ट खुलाउने तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ पालिकाले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	उपभोक्ता समिति	खुद भुक्तानी
३४-२०८१।८।९	अधुरो गुरुकुल संस्कृत विधालय निर्माण गर्ने कार्यको उ.स.गौर २	४,२७,०००
६२-२०८१।९।१६	सदिकको घरदेखि अकबरको घर र विक्रमको घरदेखि रमोदको घरसम्म सडक तथा नाला निर्माण कार्यको उ.स.गौर ३	१५,९४,६५१
६५-२०८१।९।२२	वडा नं. ८ मा गुठी मठको कम्पाउण्डवाल तथा गेट निर्माण गर्ने कार्य	७,५०,३८१
१११-२०८१।११।८	रामचन्द्र महतो नुनियाको घरदेखि सुखल महतो नुनियाको घरसम्म सडक ढलान कार्य गौर ५	२१७०५०

१४ कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको वरावरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्ने गरेको छैन । साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।

१५ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले ऐन कानून, कार्यविधि तयार गरेको भनेकोमा के कति तर्जुमा भएको सो को अभिलेख रहेको देखिएन । कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१६ योजना छनोट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०८१।८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	१०	९	३९	१६	६८	१४२

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख माथिका समेत जम्मा १४२ वटा कार्यक्रम सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र ५८ वटा योजनाहरू रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१७ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये प्राधिकरणसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

१८ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख सवारी साधन तथा मेशिन प्रयोगको लगबुक रसिद नियन्त्रण खाता भ्रमण प्रतिवेदन कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

१९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २२ वटा सहकारी संस्था मध्ये समस्याग्रस्त सहकारीको विवरण पेश भएन । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

२० **भ्रमण खर्च**

मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

- भ्रमणको उद्देश्य र कार्यालयकै कामका लागि हो भनी सुनिश्चित हुने गरी भ्रमण आदेशमा उल्लेख हुने नगरेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२१ **कार्यक्रमहरू कार्यान्वयन नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि रू. ५७ करोड ३७ लाख ७० हजारको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ४३७ वटा कार्यक्रम मध्ये यस वर्ष ७१ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका प्रमुख कार्यक्रमहरू देहाय अनुसार छन्।

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन
१	औषधी उपचार खर्च	२११२३	राजस्व बाँडफाँट - संघीय सरकार	५००
२	कृषि तथा पशु सेवा कार्यक्रम संचालन	२२५२२	राजस्व बाँडफाँट - प्रदेश सरकार	५००
३	प्रकोप व्यवस्थापन कोष संचालन	२७२१२	राजस्व बाँडफाँट - संघीय सरकार	१०००
४	गौर राईसमिलको जग्गा अधिग्रहण कार्य	३१११४	आन्तरिक श्रोत	१९३००
५	गौर राईसमिलको जग्गा अधिग्रहण कार्य	३१११४	नेपाल सरकार - समानीकरण अनुदान	७४२५
६	भैपरी आउने पुँजीगत खर्च	३१५११	राजस्व बाँडफाँट – स्थानीय	६६१०
७	रोजगार संयोजकको तलव	२२४१३	नेपाल सरकार - शसर्त अनुदान चालु	५६८
८	विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति	२६४१२	नेपाल सरकार - शसर्त अनुदान चालु	७२४

२२ **कर दस्तुर एवं आन्तरिक आय**

२२.१ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आयव्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४ करोड ४१ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २ करोड ३० लाख ३७ हजार अर्थात अनुमान भन्दा २८.६८ प्रतिशत कम आय प्राप्त गरेको छ ।

२२.२ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३९१९५३	२३०३६	५.८७

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.८७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

२२.३ **कर तथा शुल्क असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२००००००	६७९१३७.५	३३.९५
घरजग्गा वहाल कर	२५००००००	२५८७५७०	१०३.५
व्यवसाय कर	८५००००	१०३४११५	१२१.६६
वहाल विरौटी शुल्क	७०००००	१०१४३९६	१४४.९१

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२२.४ **राजस्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शीर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजस्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प. फारम नं. २१३ को राजस्व आम्दानी बैंक नगदी किताब तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अतः नियमानुसार खाता तयार गरी राजस्व स्रेस्ता तयार गर्नुपर्दछ।

२३ **प्राकृतिक श्रोत उत्खनन कार्ययोजना**

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२४ **ठेक्काको विवरण**

निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

२५ **ठेक्का व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र माध्यमबाट २ वटा ठेक्का सम्झौता गरेकोमा दोस्रो त्रैमासिक १ र चौथो त्रैमासिकमा १ वटा ठेक्का सम्झौता गरेको छ ।त्यसै गरी उपभोक्ता समितिमार्फत कार्य गर्ने गरी भएका खरिदको विवरण पेश नभएकोले उपभोक्ता मार्फत भएको खरिद कार्यको थप विश्लेषण गर्न सकिएन। स्वीकृत कार्यक्रम अनुसार तोकिएको समयावधिभित्र कार्य भएको देखिने गरी विवरण अध्यविधक रूपमा राख्नु पर्दछ ।

२६ खरिद कारवाही अभिलेख

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरूलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरूलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरू, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरू नियम बमोजिम क्रमबद्ध नराखेको, ठेक्का मूल्याँकन सम्झौता र सो सम्बन्धी कागजात अन्तिम विल भुक्तानीको गोश्वारा भौचरसँग राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरू प्राप्त हुन नसकी ठेक्का सम्बन्धी फाईल पूर्णत विश्लेशण गर्न सकिएन । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरू सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२७ प्रगति प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । तोकिएको ढाँचामा बार्षिक प्रगति विवरण तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

२८ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा संचित कोषममा ट्रान्सफर गर्नु पर्ने व्यवस्था रहेको छ । देहाय अनुसार संघीय समानीकरण अनुदान तर्फ रू. २४७५९४४८७ र प्रदेश समानीकरण अनुदान तर्फ रू. १०७१२०२३ अनुदान प्राप्त भएकोमा आर्थिक वर्षको अन्त्यमा फिर्ता गर्न वाँकी नरहेको विवरण पेश भएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२३१९९९०५७.०९	२३१९९९०५७.०९	०
	विषेश	१५५९५४३०	१५५९५४३०	०
	समपुरक	०	०	०
	अन्य	०	०	०
प्रदेश सरकार	शसर्त	६४३०६९६	६४३०६९६	०
	विषेश	३००००००	३००००००	०
	समपुरक	१२८१३२७	१२८१३२७	०
	अन्य	०	०	०
	जम्मा	२५८३०६५१०.०९	२५८३०६५१०.०९	०

२९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।**(रकम रू. हजारमा)**

क्र.स.	मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
1	आर्थिक विकास	५७३७	४८३७	०.९६
2	सामाजिक विकास	२७४१७८	२५९६९७	५१.७४
3	पूर्वाधार विकास	१४२९३९	९७९०३	१९.५१
4	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१०३१४	८३४७	१.६६
5	कार्यालय सञ्चालन तथा प्रशासनिक	१४०६०२	१३११०९	२६.१२
	जम्मा	५७३७७०	५०१८९४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५१.७४ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास क्षेत्रमा ०.९६ प्रतिशत बजेट विनियोजन गरेको छ ।

३० बैक हिसाब

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब र स्रेस्ताबीच फरक नपरको विवरण कार्यालयले पेश गरेको छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
1	संचित कोष	१३६२८५६२/५२	१३६२८५६२/५२	०
2	विविध कोष खाता	९६६३४५	९६६३४५	०
3	आकस्मिक कोष खाता			
4	पूँजीगत खाता	०	०	०
5	धरौटी खाता	९१६९५०१/३६	९१६९५०१/३६	०
6	चालू खाता	०	०	०
7	विपद व्यवस्थापन कोष खाता	२७५११/८३	२७५११/८३	०
जम्मा		२३७९१९२०/७१	२३७९१९२०/७१	०

३१ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले पेश गरेको विवरण अनुसार रु. ४ लाख ९० हजार आर्थिक सहायता वितरण गरेका छ । यस्तो खर्च कार्यविधि वनाएर मात्र गर्नु पर्दछ ।

३२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २९ लाख २६ हजार खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३३ **खर्च सार्वजनीकरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्रविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पसपूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन । कार्यालयले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ ।

३४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

३५ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

३६ **स्थानीय तह अन्तर्गतका कोषहरू**

आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका मर्मत संभार कोष, गरिवी निवारण तथा सामाजिक परिचालन कोष, कर्मचारी कल्याण कोष, वातावरणीय व्यवस्थापन कोष लगायतका कोषहरूमा रू. १ करोड ४६ लाख २२ हजार रकम मौज्दात रहेको विवरण पेश भएको छ ।यस्ता कोषहरूको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ ।

३७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा विभिन्न विद्यालय तथा सहकारी संस्थाहरूलाई बीउपूँजी तथा अनुदान खर्च लेखेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार कृषि तथा पशु कार्यक्रम तर्फ रू. २५ लाख अनुदान वितरण भएको छ । कार्यालयबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३८ **सार्वजनिक सम्पत्तिको रेखदेख**

सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

३९ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ ।

४० **सवारी साधन र मेशिनरीको मर्मत अभिलेख**

सवारी साधन र मेशिनरी सञ्चालनको अभिलेखका लागि मलेप फारामको व्यवस्था छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गर्नु पर्ने र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अध्यवधिक गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस्ता अभिलेख अध्यवधिक गरी राखेको छैन । म .ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्वति लागु गर्नु पर्दछ ।

४१ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै

वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४२ गत आ.व.को भुक्तानी बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले सम्लग्न वील, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नु पर्ने छ । पालिकाले देहाय अनुसार रू. ५८ लाख ४७ हजार गत वर्षको भुक्तानी दिन बाँकी रकम राखी रू. ५५ लाख ३४ हजार खर्च गरेको छ । बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन	खर्च
१	गत विगतको नगद जनसभागिता	१२०००००	८८६९९६
२	गत आ.व.मा सञ्चालित विविध कार्यक्रमको भुक्तानी दिन बाँकी	१००००००	१००००००
३	गुरुकुल विद्यालय भवन निर्माण कार्य गौर २ को भुक्तानी दिन बाँकी	४२७४९८	४२७०००
४	अधुरो धर्मशाला भवन निर्माण भुक्तानी दिन बाँकी	१२४९३९३	१२४९३९३
५	आधारभूत अस्पताल भवन निर्माण	१४७०२५७	१४७०२५७
६	नपाको वृत्तचित्र निर्माणको भुक्तानी दिन बाँकी	२०००००	२०००००
७	वडा नं. ३ र ६ को विभिन्न सडक ढलान तथा मर्मत कार्यको भुक्तानी दिन बाँकी समेत	३०००००	३०००००
	जम्मा	५८४७१४८	५५३३६४६

४३ गत वर्षको पदाधिकारी बैठक भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ ।सोही नियमावलीको ३९(१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन । पदाधिकारी बैठक भत्ता (गत आ.व.को भुक्तानी दिन बाँकी समेत) शीर्षकबाट पालिकाले गत विगतको बैठक भत्ता वापत रू. ४४ लाख ८० हजार बजेट विनियोजनगरेकोमा देहाय अनुसारको भौ.नं. र मितिबाट रू. ३६ लाख ८५ हजार भुक्तानी दिएको छ । यसरी भुक्तानी दिदा अनुगमन गरेको योजनाको विवरण, गतविगतको भुक्तानी दिन बाँकीको विवरण पेश नगरेको रू

मिति	क्रियाकलापको नाम	विवरण	भुक्तानी रकम
१६६-२०८१/०९/२६	पदाधिकारी बैठक भत्ता (गत आ.व.को भुक्तानी दिन बाँकी समेत)	१५ औं नगरसभामा उपस्थित पदाधिकारी सचिवालय कर्मचारीहरुलाई बैठक भत्ता भुक्तानी । -	८३,५००.००
२४२-२०८१/११/२१	पदाधिकारी बैठक भत्ता (गत आ.व.को भुक्तानी दिन बाँकी समेत)	पदाधिकारीहरुको २०८० मंसिरदेखि २०८१ असार महिनासम्मको वडा समितिको बैठक भता र २०८१ असार महिनाको कार्यपालिकाको बैठक भता भुक्तानी ।	१३,९६,०००.००
४२२-२०८२/०३/०६	पदाधिकारी बैठक भत्ता (गत आ.व.को भुक्तानी दिन बाँकी समेत)	संलग्न भर्पाई अनुसार पदाधिकारीहरुको ०८२ असार महिनाको सेवा सुविधा रकम बैक मार्फत भुक्तानी दिएको लेखा । -	६०,०००.००
४३९-२०८२/०३/११	पदाधिकारी बैठक भत्ता (गत आ.व.को भुक्तानी दिन बाँकी समेत)	संलग्न भर्पाई र वडा समिति तथा कार्यपालिकाको बैठकको निर्णय पुस्तिकाको प्रतिलिपि अनुसार पदाधिकारी बैठक भत्ता वापतको रकम बैक मार्फत भुक्तानी । -	२०,०६,५००.००
जम्मा			३६,८५,०००.००

अनियमित भएको	३६,८५,०००

४४ **शिक्षा तर्फ**

४४.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विधालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
1	श्री जुद्ध मा.वि.गौर २	४१	४०	८	२८९४
२	मा.वि.टिकुलिया गौर ४	१४	१३	४	९०५
३	मा.वि.गौर ५	१३	१२	४	७६८
४	सरस्वती मा.वि.सिसवा गौर ७	११	८	४	७७५
५	आ.वि.बालमन्दिर गौर ५	१५	१५	८	८६०
६	बैजनाथ आ.वि.गौर १	७	६	०	३८५
७	आ.वि.पुरेन्वा गौर ८	१०	६	२	४८३
८	आ.वि.सवगढा गौर ६	१०	९	४	९८५
९	रत्नकन्या आ.वि.गौर ९	१६	५	३	५३७
१०	आ.वि.महादेवपट्टी	८	७	१	२५९
११	आ.वि.गौर १	५	४	३	२०२
१२	आ.वि.विधापतिनगर गौर ३	४	४	३	१५६
१३	रामजानकी कन्या आ.वि.गौर २	३	२	२	१३७
१४	आ.वि.गढवा गौर ४	८	८	२	२५२
१५	भगवती आ.वि.कुडवा गौर ८	५	५	४	१८३
१६	आ.वि.कारागार	१	१	०	५९

विद्यार्थी शिक्षक अनुपात मिलान हुने गरी दरबन्दी स्वीकृत गरी शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

करार शिक्षकः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१/८२ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरी सोही अनुसार दरबन्दी, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने व्यवस्था छ।पालिकाले निजी शिक्षक भर्ना/नियुक्ति गरी नगरपालिका तर्फ संघीय सशर्त अनुदानबाट रु. १३१००८३३।-निकासा गरेको छ। विद्यालय शिक्षक दरवन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलवभत्ता निकासा दिएको तथा कुल शिक्षक दरवन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनोट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने आश्वस्तता गरेर शिक्षक नियुक्ति गर्नु पर्दछ ।

४४.२ **विद्यालयगत निकासा रजिष्ट्रर** – अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

४५ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फस्यौंट हुनुपर्दछ।पालिकाको सुत्र प्रणालीमा देखाएको विवरण अनुसार गत विगतको समेत रू. ४४२८४१८ पेश्की बाँकी रहेकोको छ । उक्त पेश्की मध्ये रू. ३३७०४१८ गत विगत वर्षको बाँकी रहेको रकम नियमानुसार फस्यौंट हुन पर्दछ ।चालु आ.व.मा भुक्तानी भएको मध्ये निर्माण व्यवसायीलााइ

भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. ६७३०००।÷ सम्झौता अनुसार फर्स्यौट हुनु पर्दछ साथै पालिकाबाट देहाय अनुसार म्याद समाप्त भएको अन्य पेश्की बाँकी रू. ३८५०००।÷ नियमानुसार फर्स्यौट हुनु पर्ने रू.

भौ.नं.	मिति	वापत	भुक्तानी पाउनेको नाम	पेश्की रू.
	कर्मचारी			
२३९	२०८१/११/०८	विविध खर्च	गेना पडितकुम्हार	८५०००
२०६	२०८२/०३/१६	सार्वजनिकविद्यालयका विद्यार्थीहरुका लागिनिःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत)	नागेन्द्रप्रसाद मंडल	३०००००
				३८५०००
	संस्थागत			
४९	२०८१/०८/२६	वडा नं.७मा प्रवेशद्धार निर्माण गर्ने कार्य	अनमोलनिमार्ण सेवा	६७३०००
	जम्मा			१०५८०००

पेश्की	३,८५,०००

४६ **असुली गर्न बाँकी आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायीबाट रु. ५१६९०० असुल गर्ने बाँकी रहेको छ । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु

आयको नाम	ठेकेदारको नाम	यस बर्ष असुली	बाँकी
गौर बसपार्क आन्तरिक आय ठेक्का	गढीमाई निर्माण सेवा गौर ४	३०३५०००	३०००००
भाडा तथा बहालबाट आया	गुदरी बजारको सटर कोठाहरुको भाडा	०	२१६९००
जम्मा			५१६९००

असुल गर्नुपर्ने	५,१६,९००

४७ **पदाधिकारीको बैठक भत्ता**

मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ७ र ८ अनुसार पदाधिकारी तथा सदस्यले महिनामा बढिमा ३ वटा बैठक तथा अनुगमन भत्ता र बर्षमा ३६ वटा सम्म पाउन सक्ने उल्लेख छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १३ मा उपनियम १५ मा उल्लेखित खर्च शिर्षकमा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न विल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकको कार्यालयबाट स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सातदिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राखु पर्ने कुरा उल्लेख छ ।तर पालिकाले बैठक भत्ता समेतलाई यो बर्ष बाट भुक्तानी दिएको छ । देहायका न्यायिक समितिका पदाधिकारीहरुले बार्षिक ३६ वटा भन्दा बढी भत्ता बुझेकोले नियमानुसार बढी भत्ता निजहरूबाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रू.

पद	नाम	बैठक सख्या	गत आ. व को बैठक सख्या	पाउनु पर्ने	बढी बैठक	दर	कर बाहेक जम्मा बढि
न्यायिक समिति सयोजक	श्री शैला कुमारी साह	५९	२८	३६	५१	२०००	८६,७००
सदस्य	श्री सुरेश हास	५९	१२	३६	३५	१५००	४४,६२५
सदस्य	श्री हकिम अन्सरी	५७	२८	३६	४९	१५००	६२,४७५
वडा सदस्य	साहेब राय यादव	७	२७		२७	१५००	३४,४२५

असुल गर्नुपर्ने	२,२८,२२५

४८ **बढि ग्रेड भुक्तानी**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरी सोही अनुसार दरबन्दी, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने व्यवस्था छ। पालिकाले पेश गरेको शैक्षिक सत्र २०८१ को पारित तलवी प्रतिवेदन अनुसार लेखापरीक्षणको क्रममा ग्रेड रकम भिडान गर्दा निम्न शिक्षकलाई पाउने ग्रेड रकम भन्दा बढी भुक्तानी भएको देखिएकोले निम्न विद्यालयमा बढी भुक्तानी भएको ग्रेड रकम तथा संञ्चयकोष समेत गरी रु ९१९६६।- सम्बन्धित विद्यालयबाट असुल गर्नु पर्ने देखिएको रु

शिक्षकको नाम	विद्यालयको नाम	पाउने ग्रेड संख्या	पाएको ग्रेड संख्या	बढी ग्रेड संख्या	ग्रेड दर	महिना	जम्मा रकम	बढी भुक्तानी संञ्चय कोष समेत
मिनी कुमारी	मा.वि. टिकुलिया गौर ४	८	१०	२	११५८	१३	३०१०८	३२८९२
शान्ता घिमिरे	मा.वि. गौर ५	८	१०	२	११५८	१३	३०१०८	३२८९२
ललिता कुमारी	आ.वि. गढवा गौर ४	८	१०	२	११५८	१० महिना ११ दिन	२४०१०	२६१८२
जम्मा								९१९६६

असुल गर्नुपर्ने	९१,९६६

४९ **दिवा खाजाबाट उत्तरपुस्तिका छपाई**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयका तोकिएका विद्यार्थीको लागि दिवा खाजा अन्तर्गत बालबिकास देखि कक्षा ५ सम्मको विद्यार्थीलाई प्रति विद्यार्थी प्रति दिन रू. १५ का दरले खाजा खुवाएको दिनको आधारमा १८० दिनका लागि अनुदानको व्यवस्था गरेको छ । नगरपालिकाले दिवा खाजा अनुदान शिर्षकबाट परीक्षा सञ्चालनको लागि प्रश्नपत्र र उत्तरपुस्तिका छपाईको लागि दिलिप कम्प्युटर एण्ड कम्युकेशन कर्नर (३०४८४६४१०) लाई भौ.नं.७३-०८१।१०।४ बाट रू.९,८८,४४० भुक्तानी दिएको छ। कक्षा ८ को परीक्षा सञ्चालनको लागि संघीय सशर्त शीर्षकबाट अनुदान आए पनि पालिकाले दिवा खाजा सञ्चालनबाट उत्तरपुस्तिकाको लागि भुक्तानी दिएको नियमसम्मत नदेखिएको रू...

अनियमित भएको	९,८८,४४०

५० **स्थानीय विषय/मातृभाषाको पाठ्य सामग्री व्यवस्थापन**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.४.६.२ को बूँदा नं.३.७ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको

समेत पठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रित प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने । यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा बढी खर्च सङ्घीय अनुदानबाट नगर्ने। यसमा रकम नपुग भएमा स्थानीय तहले साझेदारी गर्न सक्ने । स्थानीय विषय/मातृभाषाका लागि अनुदान दिँदा दोस्रो भाषा वा अन्य विषयका पाठ्य पुस्तक वा पाठ्य सामग्रीका लागि रकम अनुदान दिने वा खर्च लेख्ने काम नगर्ने नगराउने व्यवस्था छ। पालिकाले नागेन्द्र प्रासद मण्डलको रू.२ लाखको पेश्की भौ.नं.१५१-०८२।२।२० बाट फर्स्यौट गरेकोमा निजले ५ थान स्थानीय पाठ्यपुस्तक वापत रू.९३,७५० भुक्तानी लिएकोमा किताब छापेको वा खरिद गरेको प्रमाण नभएको र बाँकी रकम खाजा, स्टेशनरी र भत्तामा खर्च गरेको प्रमाण पेश गरेको छ। उल्लेखित निर्देशिका विपरित गरेको खर्च नागेन्द्र प्रासद मण्डलबाट असुल गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	२,००,०००

५१ **नमूना विद्यलाय शैक्षिक तथा व्यवस्थापकीय अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित अनुदानको लागि बुँदा नं.९.५ मा कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लगि समेत नमूना विद्यलायका रुपमा छनौट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान र अन्य विषय सञ्चालित नमूना विद्यालयलाई विद्यार्थी संख्याका आधारमा १० लाख देखि ६० लाखसम्म अनुदानको व्यवस्था छ। यस अनुदानको रकम विद्यालयको गुरुयोजनाअनुसार खर्चका क्षेत्र सहित स्थानीय तहमा चालु आ.व.मा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्नुपर्ने, स्थानीय तहले कार्ययोजनाको रुजु गरी कार्यप्रगतिका आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेको साथै यस क्रियाकलापबाट विद्यालयले गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता पुँजीगत खर्च गर्न नहुने व्यवस्था छ। पालिकाले भौ.नं.३४-०८१। ७।१३ बाट रू.४५ लाख र भौ.नं.२००-०८२।३।१३ बाट रू.१० लाग गरी रू.५५ लाख श्री जुद्ध माध्यमिक विद्यलाय गौरलाई निकासा दिएको छ। स्रेस्ता परीक्षण गर्दा खर्चको बिल भरपाई केहि पेश नभएको पाइयो। यस सम्बन्धमा पालिका शिक्षा शाखा प्रमुखबाट प्राप्त जानकारी अनुसार विद्यालयले अन्तिम लेखापरीक्षणको समयसम्म पनि कार्यक्रम अनुसार खर्च नगरेको पाइयो। श्री जुद्ध माध्यमिक विद्यालय गौरले गुरुयोजना र कार्यक्रम पुस्तिकाको निर्देशन अनुरुप कार्यक्रम गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू......

प्रमाण पेश नगरेको	५५,००,०००

५२ **वैकल्पिक शिक्षा र अन्य सशर्त अनुदानबाट वडाको लागि मसलन्द**

नगरपालिकाले संघीय सशर्त चालु शिर्षकबाट शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारीक तथा वैकल्पिक शिक्षाको लागि आएको अनुदानबाट पालिकाका विभिन्न शाखा तथा वडा कार्यालयको लागि स्टेशनरी सामग्री खरिद गरी दिलिप स्टेशनरी (६०८९२६५११) लाई भौ.नं.४०-०८१।८।९ बाट रू.५,००,००० र राधाकृष्ण ट्रेडर्स एण्ड सप्लायर्स (६१४५०५१७७) लाई भौ.नं.१०-०८१।६।११ बाट रू.७,२०,००० गरी कुल रू.१२,२०,००० भुक्तानी दिएको संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	१२,२०,०००

५३ **सारक्षरता अभियान कार्यक्रम**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.१३.११ मा शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथाद बैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत तोकिएको शिर्षकको आधारमा एकमुष्ट वा विद्यार्थी संख्याका आधारमा विद्यालयलाई अनुदान रकम उपलब्ध गराउने व्यवस्था छ। पालिकाले उक्त शिर्षकबाट नागेन्द्र प्रसाद मण्डललाई रू.३ लाख दिएको पेश्की भौ.नं.१९५-०८२।३।१२ बाट फर्स्यौट गरेको छ। निजले कार्यविधिको निर्देशन विपरित साक्षरता अभियान कार्यक्रम गरी भत्ता र खाजामा खर्च गरेको प्रमाण पेश गरेकोले संघीय सशर्त अनुदानको रकम निर्धारित शिर्षक भन्दा बाहेक खर्च गर्न नमिल्ने प्रावधान अनुरुप नागेन्द्र प्रसाद मण्डलबाट असुल गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	३,००,०००

५४ अङ्ग्रेजी, विज्ञान र गणित विषमा शिक्षण अनुदान

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलापन नं. २.७.१३.४० र २.७.१३.४१ मा क्रमशः कक्षा (९-१०) र (६-८) सञ्चालित विद्यालयका लागि बजेटको परिधिभित्र रही शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको माध्यमिक तहका लागि शुन्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यलायलाई ३ ओटा, १ दरबन्दी/राहत भएकालाई २ ओटा र २ दरबन्दी/राहत भएकालाई १ ओटाका दरले त्यस्तै कक्षा (६-८) सम्म सञ्चालित शुन्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध दिने व्यवस्था छ। शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को बुँदा नं. ७(ख) अनुसार छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने र यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने भनिएकोमा नगरपालिकाले श्री आधारभुत विद्यालय सारगढाको देहायका शिक्षकहरूको लागि निम्नलिखित भौचरहरूबाट कक्षा ६-८ मा अङ्ग्रेजी गणित र विज्ञान शर्षकबाट रू.१०,४१,९०० भुक्तानी दिएकोमा शिक्षकको नियुक्ती, सम्झौता, छनौटको प्रक्रिया, शैक्षिक योग्यता तथा प्रमाणपत्र र लामो समयदेखि पढाउदै आएका शिक्षकहरूको सम्झौता नविकरण लगायतका प्रक्रिया र प्रमाण बेगर अनुदान निकासा दिएको साथै तोकिएको भन्दा फरक विषयको लागि भुक्तानी दिएको र भुक्तानीको पे-रोल समेत पेश नभएकोले शिक्षक नियुक्ती गरेको भए नियुक्ती र भुक्तानीको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू...

क्र.सं.	शिक्षकको नाम	विषय	निकासा	नियुक्ती
भौ.नं.५४-०८१।९।३			५२०९५०	
१	निरज कुमर साह	गणित		२०८१।५।३०
२	बृज किशोर कुमार साह	स्वा. तथा शारिरिक शिक्षा		
३	अर्चना कुमारी साह	सामाजिक अध्ययन विषय		
भौ.नं.२३३-०८२।३।२४			५२०९५०	
	जम्मा निकासा		१०४१९००	

प्रमाण पेश नगरेको	१०,४१,९००

५५ विपदका समयमा सिकाई निरन्तरताका लागि द्रुत सिकाई योजना

५५.१ **नियम विपरित खर्चः** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०४ कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा विपदको समयमा सिकाई निरन्तरताका लागि Online Media Plateform विकास गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटको ReAL Menu मा रहेका सामग्रीको प्रयोग गरी स्थानीय तहले स्थानीय तहका विकास साझेदार संस्थाहारुको नक्साङ्कन, ReAL plan नमुना गर्नुपर्ने कार्यहरूको अभिमुखीकरण तथा REAL कार्यक्रम कार्यान्वयनको लागि स्रोतको नक्साङ्कन गर्ने, विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने तथा ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने सम्बन्धित विद्यलायले ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरुमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालयस्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखिकरण गर्ने तथा विद्यार्थीको पूर्व परीक्षा सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू गर्नुपर्ने उल्लेख छ। पालिकाले उक्त शिर्षकबाट रू.१ लाख ५० हजार र प्रति विद्यार्थी लागतका आधारमा सिकाई अनादन शिर्षकबाट रू.९६,२२७ गरी रू.२,४६,२२७ को क्यामेरा र सो सम्बन्धी अन्य सामान खरिद गरी राधाकृष्ण ट्रेडर्स एण्ड सप्लायर्स (६१४५०५१७७) लाई भौ.नं.५९-०८१।९।९ बाट भुक्तानी दिएको छ। कक्षा १० मा अध्यरत विद्यार्थीहरूलाई SEE परीक्षाको तयारी गराउन अनलाईन कक्षा सञ्चालनको लागि क्यामरा खरिद गरेको पालिकाको भनाई रहेको छ। यसरी कार्यविधि विपरित शीर्षक फरक पारि खर्च गरेको नियमसम्मत नभएको रू..

अनियमित भएको	२,४६,२२७

५५.२ **असुल गर्नुपर्नेः** नगरपालिकाले विपदका समयमा सिकाई निरन्तरता शिर्षकबाट SEE विद्यार्थीहरूलाई परीक्षको अनलाईन कक्षा सञ्चालन गर्न इन्दल कुमार सिंहलाई दिएको पेश्की रू.२,५०,००० को भौ.नं.६९-०८१।१०।३ बाट फस्यौंट गरेको छ। निजले श्रावणदेखि चैत्रसम्म कक्षा सञ्चालन गरेको हाजिरी पेश गरेकोमा केरमेट तथा टिपेक्सबाट मेटेको र कक्षा सञ्चालन सम्बन्धी फोटो लगायतका अरू कुनै प्रमाण पेश नभएको र कार्यविधिको शर्त अनुसार काम नगरेकोले इन्दल कुमार सिंहबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	२,५०,०००

५६ **खुला विद्यालय सञ्चालन अनुदान**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.१३.११ को बुँदा नं.६.५ मा कक्षा ९-१० का लागि खुला विद्यालय सञ्चालन गर्न प्रति विद्यालय रू.१ लाख १० हजार अनुदान दिने व्यवस्था छ। त्यसमा स्थानीय तहले सञ्चालनमा रहेका खुला विद्यालय (कक्षा ९-१०) को अनुगमन गरी स्वीकृत विद्यालयलाई (EMIS मा विवरण अद्यावधिक गरेका) मागको आधारमा तोकिएअनुसार एकमुष्टरूपमा विद्यालयलाई अनुदान दिने। विद्यालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा "दूर शिक्षा तथा खुला सिकाइ निर्देशिका, २०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वयन कार्यविधिअनुसार गर्नुपर्ने उल्लेख छ। पालिकाले उक्त कार्यक्रमको लागि श्री जुद्ध माध्यमिक विद्यालय लाई भौ.नं.२०९-०८२।३।१८ बाट रू.२,६२,००० निकासा दिएकोमा बढी निकासा रकम रू.१,५२,००० श्री जुद्ध माध्यमिक विद्यालयबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	१,५२,०००

५७ **माध्यमिक विद्यालय टिकुलिया**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५८ **स्यानेटरी प्याड खरिद**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। नगरपालिकाले यस वर्ष भौ.नं.२२१-२०८२/२/२२ बाट रू. ६२.१५ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले ३०७७९ प्याकेट स्यानेटरी प्याड रू.१९,१२,९१४ मा सिलबन्दी दरभाउपत्र विधिबाट भक्ति एण्ड भक्ति हाउस प्रा.लि. (६२१२२३८०२) बाट खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

-स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बूँदा नं. ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बूँदा नं. ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले उल्लेखित रुपमा वितरण नगरी वर्षान्तमा एकमुष्ट खरिद गरी विद्यालयहरुलाई विरतण गरेको छ। साथै खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी वितरण गरेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको समेत यकिन गर्नुपर्दछ ।

५९ **औषधि खरिद**

नगरपालिकाले ४३ प्रकारका औषधिजन्य र सर्जिकल सामनाको लागि संघीय सशर्त चालुको भौ.नं.२२०-०८२।३।२२ बाट रू.१३,८८,९८२ को आरुषी फार्मेशी (६०४९१५१०८) बाट शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। यस सम्बन्धमा देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानी औषधि खरिद गरेको छ। नियमावलीको व्यवस्था बमोजिम माग अनुसारको संख्या, गुणस्तर र स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।

-औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण यकिन नगरी पालिकाले औषधि खरिद गरी वितरण गरेको भनिए पनि वितरण तथा हस्तान्तरणको प्रमाण पेश भएन। पालिकाले औषधि खरिदको पूर्व योजना र आवश्यकता पहिचानको लागि पनि खरिद र खर्चको अभिलेखालाई व्यवस्थित बनाउनुपर्दछ।

-पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन्। औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ।

-आपूर्ति हुने औषधि WHO/GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO/GMP सर्टिफाइड पेश भएको छैन। तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।

-औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ।

-निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिप र बोतलमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेकोले जिल्लाबाट कति औषधि प्राप्त भयो यकिन भएन। पालिकाले खरिद गरेको र अनुदानबाट प्राप्त भएको औषधिको छुट्टा-छुट्टै अभिलेख राख्नुपर्दछ।

-औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

६० **सुनौला हजारदिनका विपन्न महिलाको पोषण सुधार कार्यक्रम**

महिला सहकारी तथा समूहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ मा स्थानीय तहमा महिला सहकारी तथा समूहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ। यसको बूँदा नं. ४ मा बहुक्षेत्रीय पोषण कार्यक्रमको सञ्चालन अन्तर्गत महिला सहकारी वा महिला समूह छनौट गरी व्यवसाय सञ्चालन मार्फत आय आर्जन बढाउने उद्देश्य रहेको प्रष्ट छ। यस कार्यक्रम अन्तर्गत पालिकाले सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आय आर्जन कार्यक्रम सञ्चालन सञ्चालन गरेका कार्यक्रम सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छन्-

1. **पोषण सुधारका लागि आय आर्जन कार्यक्रमः** नगरपालिकाले मिति २०८२।१।२७-१।२९ सम्म महिला तथा किशोरीहरुलाई सहभागी गराई पोषण तथा सुधारका लागि आय आर्जन कार्यक्रम गर्न मनमोहन अधिकारी मेमोरियल विकास केन्द्र (६०७९९३७६१) लाई भौ.नं.१९०-०८२।३।११ बाट मू.अ. कर कट्टि गरी रू.३,४०,००० भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले उक्त कार्यक्रमको अनुगमन नगरेको तर भत्ता बुझेको देखिन्छ। प्रशिक्षण कक्षामा १५/२० जना महिलाको ग्रुपमा फोटो राखेको तर भरपाई ५० जनाभन्दा बढीको राखी प्रमाण पेश गरेकोले कार्यक्रम भएको यकिन हुन सकेन। नगरपालिकाले त्यस्ता कार्यक्रम गर्दा प्रचलित कानून अनुसार गरी अनुगमन प्रतिवेदन जारी गर्नुपर्दछ।
2. **पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमः** नगरपालिकालले सुनौला हजार दिनमा विपन्न मिहलाको पोषण सुधारका लागि आयआर्जन कार्यक्रम अन्तर्गत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन लगायतका कार्यक्रमको लागि दिपही युवा सञ्जाल (६१५९५४७७२) लाई भौ.नं.१९१-०८२।३।११ बाट रू.४,००,००० भुक्तानी दिएको छ। यसको स्रेस्ता परीक्षण गर्दा पालिकाले भौ.नं.१९०-०८२।३।११ को कार्यक्रमा नै मिति मेटिएको यस कार्यक्रको ब्यानर राखि भुक्तानी दिएको छ। पालिकाले कार्यक्रमबारे अनुगमन गरी भए नभएकोमा यकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

६१ कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि प्लम्बर र सकर्मी तालिम सम्बन्धी कम्पिटेन्सीमा आधारित पाठ्यक्रमको बूँद नं.४ अनुसार अनुसार तालिम अवधि २४० घण्टा सैद्वान्तिक र ५० घण्टा जीवनउपयोगी सिप तालिम गराउने, एक समुहमा २० देखि २५ जनासम्म राख्ने, तालिम अवधिभर ९०% उपस्थिती पुगेको हुनुपर्ने र त्यही उपस्थितीको आधारमा तालिम प्रमाणपत्र समेत प्रदान गर्ने तथा ८० प्रतिशत समय सीप सिकाई र २० प्रतिशत ज्ञान सिकाईमा दिनुपर्ने उल्लेख छ। नगरपालिकाले उक्त कार्यक्रमको लागि क्रिएटिभ स्कील्स प्रा.लि. (३०३२०३५४०) भौ.नं.२०३-०८२।३।१५ बाट रू.४,९६,३९८ भुक्तानी दिएको छ। पालिकाले पेश गरेको प्रमाणको परीक्षण गर्दा प्लम्बर र सिकर्मीको तालिमको सीप सिकाईमा बढीमा ५-१० जनालाई राखि तालिम दिएको फोटो प्रमाण पेश भएको पाइयो। साथै कार्यक्रम निर्देशिका बमोजिम तालिम सम्पन्न पश्चचात प्रमाणपत्र वितरण गर्नुपर्नेमा सो समेत भएको छैन। पालिकाले पेश गरेको प्रमाणले कार्यक्रम निर्देशिका बमोजिम सञ्चालन भएकोमा खर्चको पुष्ट्याई नगरेकोले कार्यक्रम पूर्णरूपमा सञ्चालन भएकोमा यकिन हुन सकेन। तसर्थ, पालिकाले कार्यक्रम खर्चको पुष्ट्याई हुने गरी कार्यक्रम सञ्चालनको अनुगमन गरी यथार्थ प्रतिवेदन पेश गर्नुपर्दछ।

६२ सामुदायिक सिकाई केन्द्रलाई अनुदान

कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११ को बूँदा नं. ६.७ मा स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र जसको वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको, साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरूपमा प्रतिवेदन पेस गरेकोलाई वार्षिक रू.३ लाख अनुदान दिने व्यवस्था छ। उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी मासिक रू. १०,००० का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्नुपर्ने र

पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रमहरू तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले दुईवटा सामुदायिक सिकाई केन्द्रलाई रू.६,००,००० अनुदान निकासा दिएकोमा उल्लेखित कुनै पनि शर्त, सम्झौता, प्रस्तावना र प्रमाण पेश नगरेकोले सिकाइ केनद्रहरू सञ्चालित अवस्थामा रहेको र अनुदानको कार्यान्वयन पुस्तिकाको निर्दशन बमोजिम खर्च भएको यकिन भएन। अतः सम्बन्धितबाट अनुदान रकम असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू...

गौ.भौ.नं. मिति	संस्था	रकम
७७-२०८१।१०।१३	वरहवा सामुदायिक अध्ययन केन्द्र	३०००००
८६।१२०-२०८२।१।११	शिव सामुदायिक अध्ययन केन्द्र	३०००००
जम्मा		६०००००

असुल गर्नुपर्ने	६,००,०००

६३ **लामखुट्टे नियन्त्रण कार्यक्रम**

नगरपालिकाले नगरभित्र लामखुट्टे नियन्त्रणको लागि औषधि छर्कने कार्यको लागि फङ्गि मेसिन, स्प्रे टंकी , साइरोका लिक्युड, डेल्टा लिक्युड र विलसोट लगायतका सामान र औषधि खरिदको बिजक पेश गरी खर्च लेखेको छ। लामखुट्टे नियन्त्रणको लागि पालिकाको निर्णय, कुन वडा एवम् क्षेत्रमा कति परिमाणमा छर्केको प्रमाणका साथै कार्यक्रमको अनुगमन समेत नभएको पाइयो।नगरभित्र औषधि छर्काउ कार्यको लागि पालिकाले पूर्व सूचना आह्वान देखि कार्यक्रमपछि अनुगमन लगायतका प्रक्रिया पुरा नगरेकाले कार्यक्रम भएकोमा यकिन हुन सकेन।पालिकाले देहायका भौचरबाट लामखुट्टे नियन्त्रण कार्यमा रू.१०,६९,००० खर्च गरेको देखिन्छ।यस्तो कार्यक्रम गर्दा पालिकाले अनुगमन गरी प्रभावकारी भए नभएको यकिन गर्नुपर्दछ।

भौ.नं.।मिति	रकम
नगरपालिका चालु	
१७५-०८१।९।२९	४८९८४०
१७६-०८१।९।२९	१५१०००
३६२-०८२।२।२	४१६००
४८८-०८३।३।१९	१४३८६१
५०७-०८२।३।२३	१४२६९९
संघीय सशर्त चालु	
२२३-०८२।३।२३	१०००००
जम्मा खर्च रकम	१०६९०००

६४ **चालु आ.व.को बजेटबाट गत विगतका भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरुमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। नमूना परीक्षणको आधारमा स्रेस्ता परीक्षण गर्दा नगरपालिकाले देहाय अनुसारका खरिदका लागि चालु वर्षको बजेट तथा कार्यक्रमबाट गत विगतका भुक्तानी दिएको अनियमित देखिएको रू..

भौ.नं.।मिति	सप्लायर्सको नाम	रकम	कैफियत
२००-०८१।१०।२०	न्यू बजरंग इम्पोरियम	९९२२५१	पेटिकोट कपडा, ब्लाउज कपडा, सुति साडि तथा कम्बल खरिल
१७०-०८१।९।२८	शंकर प्रेस	६८३१७०	मसलन्द खरिद
६०- ०८१।७।४	यश जेनरल सप्लायर्स	५१८०००	बल्ब खरिद
४८६-०८२।३।१९	आमान ट्रेडर्स	२०२७२२	०७८।७९ को ब्याग वितरण
	जम्मा रकम	२३९९१४४	

अनियमित भएको	२३,९९,१४४

६५ **उपभोक्ता समिति दर्ता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी रकम भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति पालिकामा दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

६६ **धारा जडान**

६६.१ **११०२-०८१।११।८** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । वडा नं.९ मा विपन्न परिवारलाई स्वच्छ खानेपानीको व्यवस्थापनका लागि धारा जडान गर्न लाग्ने शुल्क वापतको रकम नेपाल खानेपानी संस्थानलाई रू. १९०९६०। भुक्तानी गरेको छ । नगरपालिकाको आ.व.२०८१।०८२ को योजना तथा कार्यक्रममा वडा स्तरीय योजना अन्तर्गत गौर नगरपालिका वडानं. ९ को विभिन्न २८ स्थानमा शुद्ध पिउने पानीको लागि धारा जडान गर्नु पर्ने भएकोले सो धारा जडानका लागि नियमानुसार लाग्ने धरौटी रू. ८४०००।– र राजस्व रू. १०६९६०।– समेत नेपाल खानेपानी संस्थानलाई रू. १९०९६०।– भुक्तानी गरेको छ ।कार्यक्रम अनुसार धारा जडान गर्नु पर्दछ ।

६६.२ **२०४-२०५ २०८२।३।४** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । वडा नं.१ मा विपन्न परिवारलाई स्वच्छ खानेपानीको व्यवस्थापनका लागि धारा जडान गर्न लाग्ने शुल्क वापतको रकम नेपाल खानेपानी संस्थानलाई रू. १५००४०। भुक्तानी गरेको छ । नगरपालिकाको आ.व.२०८१।०८२ को योजना तथा कार्यक्रममा वडा स्तरीय योजना अन्तर्गत गौर नगरपालिका वडानं. १ को विभिन्न २२ स्थानमा शुद्ध पिउने पानीको लागि धारा जडान गर्नु पर्ने भएकोले सो धारा जडानका लागि नियमानुसार लाग्ने धरौटी रू. ६६०००।– र राजस्व रू. ८४०४०।– समेत नेपाल खानेपानी संस्थानलाई रू. १५००४०।– भुक्तानी गरेको खर्च लेखेको छ । कार्यक्रम अनुसार धारा जडान गरेको प्रमाण पेश गर्नु पर्दछ ।

६६.३ **२०६-२०८२।३।४** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल भरपाई कागजात र प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ । वडा नं.८ मा बाटो निर्माणको लागि खानेपानीको पाईप उत्खन्न तथा मर्मत गर्न वडा सचिव मो.मुस्तफालाई गएको पेश्की रू. ५०४०० फर्छ्यौट गर्दा रू.५०४०० को डोर हाजिर मात्र समावेश गरेको छ । उक्त कार्यको नापी तथा मूल्यांकन बेगर भूक्तानी दिएको रू.

प्रमाण पेश नगरेको	५०,४००

६७ **सडक मर्मत (सडक बोर्ड)**

नगरपालिकाले सडक बोर्डको अनुदानमा सरोज क्षेत्रीको घरदेखि बिन्दा सहनीको घरहुँदै पुष्प यादवको घरसम्म सडक स्तरोन्नती कार्यको लागि रू.२२,३६,०७६ को लागत अनुमान तयार गरी सरोज क्षेत्रीको घरदेखि बिन्दा सहनीको घरहुँदै पुष्प यादवको घरसम्म सडक स्तरोन्नती गर्ने कार्य उपभोक्ता समितिबाट कार्यसम्पन्न गराई भौ.नं.५-०८२।२।१८ बाट रू.२१,३९,४६७ मूल्याङ्कन भएकोमा ७०% ले हुन आउने रकममा श्रमदान कट्टिपछि रू.१३,३६,८८७ भुक्तानी दिएको छ। कार्यसम्पन्न मूल्याङ्कनको स्रेस्ता परीक्षण गर्दा पालिकाले देहायका आइटमा कानूनी प्रक्रिया बेगर लागत अनुमान भन्दा बढी भुक्तानी दिएकोले देहायका उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

आइटम	लागत अनुमान	भुक्तानी	बढी भुक्तानी
Earth filling	१७२९१	३५६४४	१८३५३
Reinforcement work	२४०३४१	३३०३५९	९००१८
Sand and gravel	३०७६१	१२९७१७	९८९५६
जम्मा रकम			२०७३२७

असुल गर्नुपर्ने	२,०७,३२७

६८ **सम्झौता अनुसार कार्य नभएको**

२३४-२०८२।३।२३ गौर न.पा.वडा नं.६ मा विभिन्न ठाउँमा माटोपुरी ग्रेभल गर्ने कार्य र नाला निर्माण तथा सडक ढलान गर्ने कार्यको लागि रु.२२ लाख बजेट विनियोजन भएकोमा उक्त कार्य गर्न यस कार्यालयको प्राविधिक शाखाबाट रु. २३,८४,७९९ को लागत अनुमान प्राप्त हुन आएको र सो योजना संचालनको लागि न.पा.बाट रु.२१,४५,०००/- र स्थानीय उपभोक्ताबाट रु.२,३९,७९९ गरी जम्मा रु. २३,८४,७९९ मा गौर न.पा. वडा नं.६ मा विभिन्न ठाउँमा माटोपुरी ग्रेभल गर्ने कार्य र नाला निर्माण तथा सडक ढलान गर्ने गरी वडा नं. ६ को वडा कार्यालयबाट मिति २०८१/१०/२० गतेमा श्री दिपेन्द्र साहको अध्यक्षतामा ७ सदस्यीय उपभोक्ता समिति गठन भई उक्त गठित उपभोक्ता समितिका अध्यक्ष श्री दिपेन्द्र साह र यस कार्यालय बीच मिति २०८१/११/११ गतेमा सम्झौता भएको छ । विभिन्न विवादका कारण जनाई पाएको म्याद भित्र कार्य सम्पन्न नभएकोले म्याद थपको लागि मिति २०८२/०२/१४ गतेमा दिएको निवेदन अनुसार यस कार्यालयको मिति २०८२/०२/१४ गतेको निर्णयबाट मिति २०८२/०३/२० गते सम्म म्याद थप गरिएकोले उक्त म्याद भित्र काम सम्पन्न भएको भनी मिति २०८२/०३/१५ गते निवेदन साथ योजना सम्पन्न प्रतिवेदन सहित रु.२३,२७,९०३।५ को अन्तिम बिल गरेको छ । लागत इष्टमेट र सम्झौतामा ट्युवेल निर्माण गर्ने उल्लेख छैन । सम्झौता र स्वीकृत लागत अनुमानमा समावेश नभएको कार्य गराई रू. ३९०२६७.५६ भुक्तानी अन्तिम वीलमा उल्लेख छ । सम्झौतामा नभएको कामको भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रू.

असुल गर्नुपर्ने	३,९०,२६७

६९ **कृषि विद्युतिकरण (प्रदेश सशर्त अनुदान)**

६९.१ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं.१-४ सम्म र वडा नं.५-९ सम्म कृषि विद्युतिकरण कार्यको लागि दुईवटा छुट्टा छुट्टै उपभोक्ता समितिबाट काम गराई भुक्तानी दिएको छ। पालिकाले प्रदेश सरकार हस्तान्तरित सशर्त अनुदानको सार्वजनिक निर्माण सुधार कार्यक्रम अन्तर्गत कृषि विद्युतीय पोल र तार जडानको लागि ९ मिटर पोलको दर जिल्ला दररेट भन्दा बढी राखी भुक्तानी गरेको छ। यसरी बढी दर राखी लागत अनुमान तयार गर्दा पोल खरिद कार्यमा मात्र रू.९,३४,७८५ बढि भुक्तानी भएको देखियो। पालिकाले देहायका उपभोक्ता समितिबाट बढी भुक्तानी रकम असुल गरी प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू...

क्र.सं.	पोलको विवरण	खरिद संख्या	जिल्ला दररेट	भुक्तानी रकम	बढी व्ययभार
					मू.अ. कर समेत
६-०८२।३। २४	वडा नं.१ देखि ४सम्म कृषि विद्यूतीकरण गर्ने कार्यको उस-४	१६३	१०१५६ (३० किमि बढी ढुवानी समेत)	१२६२८.६७	४०३०४५
५-०८२।३। २४	गौर नपा ५ देखि ९ सम्म कृषि विद्युतीयकरण गर्ने कार्यको उस-९	७५	१०१५६ (३० किमि भन्दा बढी ढुवानी समेत)	१२६२८.६७	१८५४५०
	जम्मा रकम				५८८४९५

असुल गर्नुपर्ने	५,८८,४९५

६९.२ **कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियममा ९७ (११) बमोजिम उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं.१ देखि ४ सम्म कृषि विद्यूतीकरण गर्ने कार्यको उपभोक्ता समिति-४ मार्फत प्रदेश सशर्त अनुदानबाट खरिद गरेको जम्मा १६३ विद्युतीय पोलमध्ये ८३ वटामात्र जडान भएको छ। बाँकी ८० वटा पोल र रू.१३,५०,००० का तीनवटा 50K को ट्रान्सफर्मर मौज्दातमा राखेको छ। तर्सथ, बाँकी पोल, ट्रान्सफर्मर र अन्य खरिद गरेको इन्सटलेशन सामग्री जडानको नापी किताब मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३४,३७,९४३

७० क्याम्पस अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा गर्न सक्ने कार्यहरु उल्लेख छ । पालिका र क्याम्पस प्रशासनवीच २०८१ पुस १ गते भएको सम्झौता अनुसार पालिकाले विश्व विद्यालयले सञ्चालन गरेको आंगिक क्याम्पस पंडित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पस गौरलाई विश्वविद्यालय अनुदान आयोगबाट आर्थिक स्रोत व्यवस्थापन नभए सम्म आंशिक आर्थिक र सम्पूर्ण सामाजिक सहयोग उपलब्ध गराउनु पर्ने, दायित्व दायित्व स्वीकार गरेको छ । त्यसैगरी आंगिक क्याम्पस पंडित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पस गौरलाई चाहिने आवश्यक ४ बिघा जग्गा प्रथम पक्षले अगामी आ.व. भित्र उपलब्ध गराउने, क्याम्पसको लागि आवश्यक थप जग्गा समेत पालिकाले व्यवस्था मिलाई उपलब्ध गराउने, क्याम्पस संचालन गर्न यस आ.व. २०८१।०८२ मा पूँजीगत तर्फ रु. ४६,००,०००। मात्र र संचालन तर्फ रु.६४,०५,५००१ गरी जम्मा रु १,१०,०५,५००। पालिकाले स्रोत सुनिश्चित गरी क्याम्पसलाई उपलब्ध गराउने उल्लेख छ । यस्तो अनुदान प्रत्येक बा.व.मा १०% वृद्धि गरी उपलब्ध गराउनु पर्ने सम्झौतामा समावेश छ । पालिकालाई वार्षिक रूपमा व्ययभार पर्ने गरी गरेको सम्झौताले पालिकाद्वारा सञ्चालन हुने विकास निर्माण कार्यको बजेट कटौती हुने देखिन्छ । क्याम्पसलाई यस वर्ष रू. ७५०६४६९ भुक्तानी दिएको छ । नगरपालिकालाई वार्षिक रूपमा थप व्ययभार पार्ने गरी दिएको भुक्तानी नियमसंगत नदेखिएको रु.

भौ.नं. मिति	खर्च शीर्षक	रकम
५९-२०८१।०९।०९	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	१७१४६०
६४-२०८१।०९।१६	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	३३३३५०
६९-२०८१।०९।२८	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	४३८२०९
७१-२०८१।०९।२९	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	११५०९७
७३-२०८१।०९।२९	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	९९५१३४
७९-२०८१।१०।०६	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	९९६०२७
२३०-२०८२।०३।२०	क्याम्पस निर्माण तथा व्यवस्थापन कार्य	८८४०००
२३-२०८१।०७।१३	क्याम्पस निर्माण कार्य	७७,५००.००
२५ २०८१।०७।२०	क्याम्पस निर्माण कार्य	४५,५००.००
५४-२०८१।०९।०४	क्याम्पस निर्माण कार्य	१००७००
५५-२०८१।०९।०४	क्याम्पस निर्माण कार्य	५७४४९२
३७०-२०८२।०२।०८	क्याम्पस संचालन खर्च	२५०००००
३५१-२०८२।०३।२४	जग्गा व्यवस्थापन	२७५०००
जम्मा		७५०६४६९

अनियमित भएको	७५,०६,४६९

७१ योजना फरफारक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, नियम ९७(७) अनुसार प्रत्येक किस्ताको खर्चको विवरण सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । नियम ९७(१२) अनुसार योजना रेखदेख र मर्मत संभारको जिम्मेवारी तोकी उपभोक्ता समितिलाई योजना हस्तान्तरण हुनुपर्ने समेत व्यवस्था छ । कार्यालयले नियमावलीमा व्यवस्था भए अनुसार खर्च सार्वजनिकीकरण तथा सामाजिक परीक्षण गराएको देखिएन साथै योजनाको मर्मत संभार र रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिहरूलाई योजना हस्तान्तरण भएको देखिएन । नियमको पालना हुनुपर्दछ ।

७२ बीजक भन्दा बढी मूल्यांकन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । उपभोक्ताले यसरी पेश गरेका वील भपाईले उपभोक्ताको वास्तविक खर्चलाई देखाउँछ । केन्द्रले देहाय अनुसारका उपभोक्तालाई फलामे डण्डी प्रयोग गरी निर्माण हुने संरचनामा डण्डीको जिल्ला दररेट रू. १२९.९५ (मू.अ.कर समेत) र इटा १६.३८ (मू.अ.कर समेत) को दरले हुने मूल्य कामय गरी दर विश्लेषण अनुसारकै मूल्यमा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । देहाय अनुसारका उपभोक्ता समितिहरूले पेश गरेको विजक भन्दा बढी मूल्यांकन गरी थप व्ययभार पारेको पाइयो । प्राविधिकले गरेको नापी अनुसार प्रयोग गरेको परिमाण अनुसार खरिद परिमाण र मूल्यांकनमा देहाय अनुसार बढी भुक्तानी असुल गर्नु पर्ने रु.

भौ.नं. मिति	उपभोक्ता समितिको नाम	विक्रेता	काम	परिमाण	खरिद मूल्य	बढी दर	बढी मूल्यांकन	
९-२०८१।६।१८	अधुरो पटेल धर्मशाला निर्माण गर्ने कार्यको उ.स.गौर ४	माँदुर्गा इटा उद्योग	इटा	३०.३२ घ.मी. ५६० को दरले	७.९१	८.४७	१४३८१३.८२	
६२-२०८१।९।१६	सदिकको घरदेखि अकबरको घर र विक्रमको घरदेखि रमोदको घरसम्म सडक तथा नाला निर्माण कार्यको उ.स.गौर ३	लाल इटा उद्योग	इटा	३५.६५ घ.मी. ५६० को दरले	७.९१	८.४७	१६९०९५।०८	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३१४३.४०
६५-२०८१।९।२२	वडा नं. ८ मा गुठी मठको कम्पाउण्डवाल तथा गेट निर्माण गर्ने कार्य	शाम इटा उद्योग	इटा	१५.८४ घ.मी. ५६० को दरले	७.९१	८.४७	७५१३२.२९	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३१४३.१०
८७-२०८१।१०।१५	सदिकको घरदेखि अकबरको घर र विक्रमको घरदेखि रमोदको घरसम्म सडक तथा नाला निर्माण कार्यको उ.स.गौर ३	लाल इटा उद्योग	इटा	३८.३५ घ.मी. ५६० को दरले	७.९१	८.४७	१८१९०१.७२	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३१४३०
९९-२०८१।१०।२४	विवाह मण्डप निर्माण गर्ने कार्यको उ.स.गौर २	शाम इटा उद्योग	इटा	५८.९२ घ.मी. ५६० को दरले	७.९१	८.४७	२७९४६९.३४	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३६४७.१०
२३६-२०८२।३।२३	आधारभुत विद्यालय सवगढामा कक्षाकोठा थप गर्ने कार्यको रकम उ.स.	चौधरी इटा उद्योग	इटा	२६.७४ घ.मी. ५६० को दरले	७.९१	८.४७	२७९४६९.३४	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३९४३.१०
२४३-२०८२।३।२४	आधारभुत विधालय बालमन्दिर भवन निर्माण गर्ने कार्य गौर ५	आर.वि.एस. इटा उद्योग	इटा	२६.२५ घ.मी. ५६० को दरले	७.९१	८.४७	२७९४६९.३४	इटा बढी पनि लेख्ने प्रति घनमिटर १३५३१.१०
							असुल गर्नुपर्ने	१४,०८,३४८

७३ **अमानतबाट निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ (१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था छ। नियम ९८ (२) मा सार्वजनिक निकायले अमानतवाट काम गर्नु पर्दा सो कामको लागि

आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री ऐन र यस नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्नेछ ।

भौ.नं. मिति	भुक्तानी पाउने	वापत	रकम
३५-२०८१।८।९	का.स.आनन्द महतो	नगर क्षेत्रभित्र हैण्डपाईप जडान तथा मर्मत कार्य	५२,७५६
६६-२०८१।९।२४	का.स.रघुवंश प्रसाद चन्द्रवंशी	निरञ्जन गिरीको घरदेखि शिवशंकर गिरीको घरसम्म रहेको अधुरो सडक ढलान कार्य गौर ४	९२,४२७
८१-२०८१।१०।१०	सिकिन्दर कुशवाहा	नगर क्षेत्रभित्र हैण्डपाईप जडान तथा मर्मत कार्य	४००००
१२२-२०८१।११। २७	सुपरभाइजर अमिर गिरी	वडा नं.८ का विभिन्न सडकहरु मर्मत गर्ने कार्य	९०२००
१५०-२०८२।१।१९	वडा सचिव मो.मुस्तफा	वडा नं.८ का विभिन्न सडकहरु मर्मत गर्ने कार्य	२६,१०९
१५२-२०८२।१।२१	का.स.श्रीप्रकाश कुमार साह	मणिशंकर निधीको घरजाने बाटो मर्मत संभार कार्य गौर ४	९८७८९
१७३-२०८२।२।१८	स.क.अ.अरविन्द कुमार ठाकुर	वडा नं.७ मा विभिन्न सडक मर्मत कार्य	८८९०५
१८६-२०८२।२।२३	वडा स.राजन साह	वडा नं.२ मा जगदिश पटेलको घरदेखि बबलु पटेलको घरसम्म नाला र स्लेब निर्माण कार्य	९७९७०
२१२-२०८२।३।११	रौशन राउत	पानी टंकी नजिक नाला निर्माण,स्लेब जडान तथा सडक पक्कीकरण कार्य गौर ७	९५१०५
२१६-२०८२।३।१५	स.क.अ. दिपक कुमार पासवान	वडा नं. ५ मा दिनेश केशरीको घर पछाडि पट्टी रहेको बरहवा खोलामा माटोपुर्ने कार्य	३४,९७४
२१८-२०८२।३।१५	का.स.श्रीप्रकाश कुमार साह	वडा नं.३ मा अधुरो हनुमान मन्दिरमा विविध निर्माण कार्य	७९,७१२
२५७-२०८२।३।२५	का.स.संतोष ठाकुर	डा नं.६ मा विभिन्न ठाँउमा माटोपुरी ग्रेभल गर्ने कार्य	९३०००

७४ **गैरसरकारी संस्थामार्फत कार्यक्रम गराएको**

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।पालिकाले देहाय वमोजिमका बिउ,मल तथा अन्य सामान खरिद गरी वितरण गर्ने कार्यक्रम समेत गैरसरकारी संस्थाबाट गराउने गरेको देखियो । यसरी गैर सरकारी संस्था मार्फत सामान खरिद गरी वितरण गर्दा गैर सरकारी संस्थाहरुको कुनै योगदान हुने गरेको देखिएन । वितरण गर्दा सम्बन्धित वडाका लाभग्राही हुने भनि प्रमाण पेश नगरेको तथा गैर सरकारी संस्थाहरुले सामान खरिद गर्दा सार्वजनिक खरिद कानूनको पालना गरेको समेत देखिदैन । यसरी सार्वजनिक खरिद कानूनको पालना गरी सामान खरिद गरी पालिकाबाट नै सम्पादन हुनु पर्ने वितरणका कामहरु गैर सरकारी संस्था मार्फत गर्नु उचित देखिएन । यस्तो प्रकृयाबाट कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

भौ.न. मिति	विवरण	भुक्तानी पाउने	रकम
९२/ २०८१ / ०७ / १३	स्वच्छ दुध उतपादन तथा मासु उपभोग सम्वन्धी तालिम	महिला तथा बालविकास केन्द्र (६१२३८७६५४)	४, २४ , ८८०।
१५७/ २०८१ / ०९ / २१	महिला तथा वालवालिका केन्द्रित कार्यक्रम	एकीकृत दिगो विकास नेपाल (३०१९३५११)	४, ९९ , ३४७।
१९६/ २०८१ / १० / १५	महिला हिंसा तथा वालबिबाह न्युनीकरण सम्वन्धी तालिम	एकीकृत दिगो विकास नेपाल (३०१९३५११)	४, ९९ , ०००।
४६५/ २०८२ / ०३ / १६	ट्राफिक सम्वन्धित जनचेतनामुलक तालिम	एकीकृत दिगो विकास नेपाल (३०१९३५११)	२, ७९ , ४००।

७५ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ ।पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २.५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले आ.व २०८१/८२ मा कन्टिन्जेन्सी कट्टा गरी रू. १२ लाख ६२ हजार खर्च गरेको विवरण पेश गरेको छ । कन्टिन्जेन्सी कट्टा र खर्चको अभिलेख नराखेकोले यस सम्बन्धमा थप विश्लेषण गर्न सक्ने अवस्था छैन । कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्दछ ।

७६ **प्राविधिक बील र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७७ **सडक बती जडान तथा मर्मत कार्य**

सार्वजनिकखरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसमान खरिद गर्नु अघि स्पेशिफिकेशन, विशेष आवश्यकता तथा अन्य विवरण तयार गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी नियम ११ मा लागत अनुमान तयार गर्दा स्थानीय बजारका प्रचलित दरभाउ अघिला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्ताविक लागत, उद्योग वाणिज्य संघले निर्धारण गरेको दररेट, जिल्ला दररेट लगायतका कुरालाई आधार लिने भनिएको छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नमूना छनौटको आधारमा स्रेस्ता परिक्षण गर्दा पालिकाले विभिन्न वडामा सडक बती जडान तथा मर्मत कार्यको लागि देहायका सप्लायर्सहरूबाट खरिद गरी रू.२२,९४,५२२ भुक्तानी दिएको छ। पालिकाले उक्त कार्यको लागि लागत अनुमान नबनाई कोटेशन प्रक्रियाबाट खरिद गरी भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा सामानको गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकोले उक्त कार्य गुणस्तरयुक्त रहेको आश्वस्त हुन सकेन। पालिकाले सम्बन्धित प्राविधिकबाट Quality and specification को परीक्षण गराई लागत अनुमान, नापी किताब सहितको कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू..

प्रमाण पेश नगरेको	२२,९४,५२२

७८ **लाल बकैया नदीमा झोलुंगे पुल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ को उपनियम २(क) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शिर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले हिमशिखर हिरा-लेखराज जेभीसंग रु.४२७६०६१७ सम्झौता गरी लाल बकैया नदीमा २६९ मीटर स्पानको झोलुंगे पुलं निर्माण गरेको छ । संघ सरकारको आ.व. २०७९।०८० मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत गौर बानेश्वर मन्दिर नजिक लाल बकैया खोलामा झोलुङ्ग झोलुङ्गे पुल निर्माणक लागि हिमशिख हिरा-लेखराज जे.भी.ले पेश गरेको रु ४,२७,६०,६१७१४४ (मू.अ.कर सहित) को बोलप स्वीकृत भई मिति २०७९।१२।२० गतेमा सो सकार रकमको परिधि भित्र रही २०८० चैत्र १९ गतेसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार सो कार्य २०८० चैत १२ गते रू. ४२७६०६१७ मा सम्पन्न भएको छ । सो कार्यको भौ.नं. २५६- २०८१।३।२४ बाट ७४५५४६०।– गत आ.व.मा भुक्तानी दिन बाँकी भनी भुक्तानी दिएको छ । आ.वं २०८१।८२ मा भौ.नं. १७ २०८१।६।२१ बाट विभिन्न योजनाहरुको म्याचिङग फण्ड (समपुरक) रकम शीर्षकबाट रू. २८ लाख भुक्तानी दिन बाँकी रकम खर्च लेखेको छ । पालिकासँग कुन योजनामा कति भुक्तानी दिन बाँकी छ सो को विवरण अध्याविधक गरी राखेको समेत पाइएन ।पालिकाले गत विगतमा भएको खर्च र भुक्तानी दिन बाँकी रकम अध्यावधिक गर्नु पर्दछ ।

७९ **बर्थिङग सेन्टरमा सम्झौताभन्दा बढी कार्यको भुक्तानी**

सार्वजनिक खरिद ऐनको दफा ५क(२) मा विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्रुटीपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार, जाचँ वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारवाही भागिदार हुने उल्लेख छ ।साथै शुरु लागत अनुमानमा कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्ने, यसरी लागत अनुमान संशोधन नगरी कार्य गरेको उपभोक्ता समिति नै जिम्मेवार हुने सम्झौतामा उल्लेख भएको देखिन्छ। साथै सार्वजनिक लेखा समितिको निर्देशन र सडक विभागको परिपत्र अनुसार आइटम वाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको अवस्थामा सम्झौता अनुसार उपभोक्ता समितिलाई अन्तिम भुक्तानीमा लागत अनुमान संशोधन तथा भेरियसन स्वीकृति वेगर तथा बि.ओ.क्यु. परिमाणको सिमाभित्र रही भुक्तानी दिनुपर्नेमा आ.व. २०८१/०८२ स्वीकृत कार्यक्रम अनुसार श्री बर्थिङ्ग सेन्टरको भवन निर्माणको लागि पालिका र निर्माण व्यवसायी श्री महतो कन्सट्रक्शन गौरबीच रू. १,४७,८१,५९२।- (मु.अ.करसहित) मिति २०८१।०८।१८ मा सम्झौता गरेको देखिन्छ । निम्नानुसारको कार्यवापत रु. २५६१४००.३३ भेरिएसन आदेश वेगर बि.ओ.क्यु. परिमाण भन्दा बढी भुक्तानी दिएको देखियो। उक्त कार्यको प्राविधक पुष्ट्याई गरी भेरियसन आदेश स्वीकृत गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु

आइटम नं.	विवरण	एकाई	BOQ परिमाण	भुक्तानी	दर	
४	PCC Work in (1:2:4) with using river bed screened aggregate	M3	८.२६	१०.०६	१३६५०	२४५७०
५	16mm thick Marble Work	M2	१२.५४	३९.५२	६१७५	१६६६०१.५
९	78mm Aluminium black section, 5 mm glass with particle board for door works	M2	१.६	४.९१	९०२०	२९७५६.२
१५	porciline glazed tile work (1:4)	M2	६३८.७४	७८१.३४	४२९८	६१२८९४.८
१७	2 Coat Snowcement Paint Work over One coat Primer	M2	५८०	१०२७.२६	१७०	७६०३४.२
२०	38 mm thick sal wood Frame with 5 mm Glass including supplying & fixing with all complete.	M2	२२.३१	३०.७४	१३९५७	११७६५७.५१
२५	Earth Filling work	M3	२६.७६	२७८.७७	८०९	२०३८७६.०९
२७	Ms black pipe for truss With paints	Kg	२८०.९४	४५०.७३	१७९	३०३९२.४१
	For Road					0
१	PCC Work in (1:2:4) with using river bed screened aggregate	M3	८३.३१	१७५.७३	१४०६१	१२९९५१७.६२
	जम्मा					२५६१४००.३३

प्रमाण पेश नगरेको	२५,६१,४००

८० वि.पि.स्मारक सहितको घण्टाघर निर्माण कार्य

ठेक्का नं. एनसिवी-६।२०७९।८० पालिकाले गौर बजारमा रहेको वि.पी. चोकमा घण्टाघर निर्माणको लागि शुरु लागत अनुमान मू अ कर समेत रु १३७९६५३३।७७ को लागत अनुमान तयार गरी मिति २०७९।१०।१७ मा बोलपत्र आह्वानको सूचना प्रकाशन गरेको छ । सो कार्यका लागि ३ थान बोलपत्र दर्ता भएकोमा १ थान खाली बोलपत्र पेश भई माँ राजदेवी निर्माण सेवा र राष्ट्र निर्माण सेवा को प्रतिस्पर्धा भई राजदेवी निर्माण सेवाले रु. १३३७८२७६।०० मा सारभुत रुपमा न्यून कबोल गरेकोले निजसँग मिति २०७९।११।३० मा २०८० माघ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी रु १३३७८२७६।०० को सम्झौता गरेको छ। कार्यालयले पेश गरेको ठेक्का फाईल अनुसार सम्झौता भएको २६ दिन पश्चात सम्झौता बमोजिमको घण्टा घरको उचाई सानो भएको र माथिल्लो भागको रुपरेखा समेत फेर्न विभिन्न बुद्धिजिवि तथा नागरिक समाजबाट राय सुझाब प्राप्त हुन आएको कारण जनाई मिति २०७९।१२।२७ मा रु. १९८२३४०।- भेरियसन अर्डर जारी गरी रिभाईज ईष्टिमेट रु १५३६०६१६।०० को सम्झौता गरी चारवटा रनिङ वीलबाट हालसम्म रु १४१५६४४७।- भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेका छन् ।

८०.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको लागि खरिद आवश्यकताको पहिचान गरिनुपर्दछ । पालिकाले यस उक्त आयोजना आवश्यकताको बस्तुगत रुपमा पहिचान नगरी मू अ कर समेत रु १३७९६५३३।७७ को लागत अनुमान तयार गरेको भए पनि बुट्टा सहितको आँखिझ्याल रू. ९८४९९६। , बुट्टा चौकोष सहितको आँखिझ्याल रू. ५९०९६१। , घण्टा घरको रेलिङ पेन्टिङ लगायत विविध कार्य वापत रू. ७३७९९०।– सुरू लागत अनुमान र भेरिएसन आदेश स्वीकृत गर्दा समेत समावेश नगरी कोटेशनबाट खरिद गर्ने कार्य मनासिव देखिएन ।

८०.२ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा ६ अनुसार कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने व्यवस्था रहेको छ । पेश गरेको तुलनात्मक चार्टमा मा राजदेवी निर्माण सेवाले रु १३३७८२७६। अर्थात लागत अनुमान भन्दा ०.८९ प्रतिशत मात्र न्यून साथै अर्को प्रतिस्पर्धी माँ राजदेवी निर्माण सेवाले रु

१३३८५००२।४५ अर्थात लागत अनुमानको ०.८४ प्रतिशत मात्र न्यूनमा कबोल गरेको छ। निर्माण कार्यकोमा विद्युतीय वोलपत्र आह्वान गरी खरिद कार्यमा प्रतिस्पर्धा बृद्धि गर्नु पर्दछ।

८०.३ **म्याद थपः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगावै संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ । पालिकाले २०८१।१।३१ को निर्णयले २०८१ मंसिर मसान्त गरेको छ । म्याद थप गर्दा नियमको व्यवस्था अनुसार निर्माण व्यवसायीले काबु बाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भन्ने ठोस प्रमाण समेत प्रस्तुत गर्नुपर्दछ ।

८०.४ **भेरिएसन आदेशः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वियनको क्रममा सृजना भई ऐनको दफा ५४ बमोजिम सार्वनिक निकायले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण कार्यको ड्रइङ, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याईं र कारण, लागत अनुमानमा प्रभाव पार्ने भए सो के प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा भेरिएसन गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनु पर्ने व्यवस्था छ । ठेक्का सम्झौता भएको २६ दिन भित्र डिजाईन परिवर्तन तथा उचाई थप गरी रू. १९८२३४०। भेरियसन अर्डर जारी गरेको हुँदा पर्याप्त तयारी गरी डिजाइन यकिन गरेरमात्र निर्माण कार्य गर्नु पर्दछ ।

८१ **नगर प्रवेशद्वार**

७५ २०८१।९।२९ निर्माण स्थलको उपलव्धता : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) अनुसार निर्माण स्थलको व्यवस्था नभई खरिद कार्य गर्न नहुने व्यवस्था छ । कुल लागत अनुमान रू. ११६४९०२७।२० भएको नगर प्रवेशद्वार निर्माणको लागि निर्माण व्यवसायी अनमोल निर्माण सेवासँग २०८२ चैत मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी २०८१ बैशाख ६ गते रू. ६७२७९९९।६३ (मू.अ.कर सहित) मा सम्झौता भएको छ । डिभिजनको कार्यक्षेत्र भित्र रहेको चन्द्रपुर गौर सडक (NH36) मा पर्ने गौर न.पा. वडा नं. ७ सिसवामा निर्माणाधिन नगर प्रवेशद्वारको थप कागजात पेश गर्न र सडक विभागको स्वीकृति लिई निर्माण कार्य अगाडि बढाउने सम्बन्धमा डिभिजन सडक कार्यालय चन्द्रपुरको २०८१।९।१८ को पत्र पछि निर्माण कार्य अवरूद्ध भएको छ । निर्माण व्यवसायीले रू. १९६३४४२।२६ को वील पेश गरेको वील अनुसार भुक्तानी भएको छ । ठेक्का संझौता भईसकेपछि सडकसँग पूर्व स्वीकृति नलिएको कारण नियमको उक्त व्यवस्था बमोजिम साइट क्लियरेन्स नभएको स्थानमा काम गर्ने सम्झौता भएको कारण निर्माण कार्य समयमा सम्पन्न हुने अवस्था छैन ।

८२ **२३२-२०८२।३।२२ रौतहत जिल्ला अदालत भवन निर्माण खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ। लागत अनुमान रू.१०८५२४८।– भएको रौतहट जिल्ला अदालतको भवन निर्माण गर्ने कार्यको लागि पालिकाले रू. १० लाख वजेट विनियोजन गरेको छ। कुल मूल्यांकन रू.१०२९३२५.५८ भएको उक्त निर्माण कार्य उपभोक्ता समितिबाट गराई उपभोक्ताको नगद सहभागीता रू.११०२५० समेत रू. १०२९३४७ भुक्तानी गरेको छ । छुट्टै बजेट विनियोजन हुने सरकारी निकायको लागि स्थानीय तहबाट बजेट विनियोजन गरी रू.९१९०७७। खर्च गर्ने कार्य नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	९,१९,०७७

८३ डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

भौ.नं. मिति	शीर्षक	वापत	भुक्तानी पाउने	भुक्तानी रकम
२७- २०८१।६।२६	पूँजीगत परामर्श खर्च	गौर नगर क्षेत्रभित्र ढल निकास सम्बन्धी रिभाईज (डि.पि.आर.) गुरु योजना	भेक्टर इन्जिनियरिङ्ग कन्सल्टेन्सी	९६,०५०
७७-२०८१।१०।४	पूँजीगत परामर्श खर्च	त बर्ष वडा नं.७ मा प्रवेशद्वार निर्माण गर्ने कार्यको गुरुयोजना तयार गरे वापत	भेक्टर इन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि.	७, ६० , २५१
गत वर्षको बाँकी				
कूल रू.१३३७९२०				
७८-२०८१।१०।४	पूँजीगत परामर्श खर्च	वडा नं.५ बरहवा खोलामा पुल, कल्भर्ट निर्माण कार्यको गुरुयोजना (डि.पि.आर.) तयार गरे वापत	इन्भिजन कन्सल्टेन्ट प्रा.लि.	४, ९७ , ०००.
१५८-२०८२।१।२७	दिशाजन्य लेदो व्यवस्थापन आयोजनाको लागि वातावरणीय परीक्षण तयारी गर्ने कार्य	मानव दिशाजन्य लेदो व्यवस्थापन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन	नुतन मल्टिसपोर्ट कन्सल्टेन्सी प्रा.लि.	४, ९८ , ०००
२४९-२०८२।३।२४	पूँजीगत परामर्श खर्च	वडा नं.२ , ४ र ६ भएर बग्ने लालबकैया नदीको तटबन्ध संरक्षण कार्यको गुरुयोजना (डिपिआर) तयारी कार्य	ग्यालेक्सी कन्सल्टेन्सी एण्ड कन्सट्रक्सन प्रा.लि.	१४९८३०९
	,,	लाल बकैया नदीमा रिक्रिएसनल लेक डेभलपमेन्ट कार्य	हर्मिज इन्जिनियरिङ सोलुसन प्रा.लि.	४९९७१७

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका विगतका आयोजनाहरू कार्यान्वयनमा गएको समेत देखिएन ।

८४ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६३ को नियम नियम ८५ मा रु.१० लाख लागत अनुमान भएको निर्माण कार्य कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवम् एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । कार्यालयले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गरी निम्नानुसार सोझै खरिद गरेको देखियो । सम्बन्धित वडामा विनयोजित बजेट अनुसार छुट्टा छुट्टै कार्यका अलग अलग निर्माण व्यवसायीबाट खरिद कार्य गराएको भन्ने कार्यालयको भनाई रहेको छ । यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।

भौ.नं. मिति	शीर्षक	वापत	भुक्तानी पाउने	भुक्तानी रकम
६- २०८१।६। १०	वडा नं.४ मा विभिन्न सडक तथा नाला निर्माण गर्ने कार्य	विभिन्न वडामा सडक तथा नाला निर्माण तथा मर्मत कार्य	पशुपति नाथ कन्सट्र्क्सन	२७८१६७
११- २०८१। ६।२०	वडा नं. ३ मजकुटियामा विभिन्न	वडा नं.३ को विभिन्न सडक ढलान गर्ने कार्य	आमोद कन्सट्र्क्सन	२५५९८०
२७- २०८१। ६।२६	वि.पि.स्मारक सहितको घण्टाघर निर्माण कार्य	बि.पि.चौक स्थित निर्माण भएको स्मारक सहितको घण्टाघरमा जडान गर्नका लागि खरिद भएको बुट्टा सहितको आँखी झ्याल	महाशक्ति ट्रेडर्स	५, ९० , ९६१
२८- २०८१। ६।२८	विभिन्न योजनाहरुको म्याचिङग फण्ड (समपुरक) रकम	वडा नं.९ को विभिन्न सडक मर्मत सम्भार कार्य	विकास निर्माण सेवा	७, ९१ , ०५३
३०-२०८१। ७।२९	वडा नं.६ मा नाला निर्माण तथा सडक ढलान कार्य	डा नं.६ मा विभिन्न सडक मर्मत कार्य	अनमोल निमार्ण सेवा	२, २८ , ५३८
३१-२०८१। ७।२९	वडाको विभिन्न सडक ढलान, स्लैब जडान र चापाकलको चौतारा निर्माण गौर १	वडा नं.१ को विभिन्न सडक ढलान, स्लैब जडान चापाकलको चौतारा निर्माण कार्य	सफल निर्माण सेवा	२८९१८७
६३-२०८१। ९।१६	बैजु ठाकुरको घरदेखि हमिद कवारीको घरसम्म सडक ढलान कार्य गौर ५	सडक ढलान गर्ने कार्य गौर ५	अमन निर्माण सेवा	१, ९२ , ७५६
७२-२०८१। ९।२९	वडा नं.५ को विभिन्न सडक ढलान तथा नाला निर्माण गर्ने कार्य	वडा नं. ५ अन्तर्गतको विभिन्न सडक मर्मत कार्यको अन्तिम विल	रौनक कन्सट्रकसन	५, ७३ , ७८०
७६-२०८१। ९।२९	मस्जिद देखि नुरुल्लाह खाँको घरसम्म नाला मर्मत तथा बाटो निर्माण कार्य गौर २	वडा नं.२ मा मस्जिद देखि नुरुल्लाह खाँ को घरसम्म नाला मर्मत र सडक ढलान कार्य	विकास निर्माण सेवा	२, ९० , २९८.
९०-२०८१। १०।२१	वडा नं. ३ र ६ को विभिन्न सडक ढलान तथा मर्मत कार्यको भुक्तानी दिन बाँकी	वडा नं.६ को विभिन्न सडक मर्मत गर्ने कार्य	विकास निर्माण सेवा	३, ३८ , १५३
९६-२०८१। १०।२२	मेनरोड देखि हाई स्कुल पछाडीसम्म नया सडक निर्माण कार्य गौर २	वडा नं.२ मा मेनरोड देखि हाईस्कुल पछाडीसम्म नया सडक निर्माण कार्य	शनि निर्माण सेवा	३३३७२४
१०५-१०८१। ११।२	रामपुकार साहको घरदेखि बाधसम्म अधुरो सडक पि.सि.सि.ढलान तथा नाला निर्माण कार्य	सडक पि.सि.सि.ढलान तथा नाला निर्माण कार्य	ज्योतिष निर्माण सेवा	३, ३४ , ७६७
१०६-१०८१। ११।२	तेजिलाल सरको घरदेखि हरिन्द्र जयसवालको घरहुदै श्रीवास्तव सरको घरसम्म सडक ढलान कार्य गौर ३	सडक ढलान गर्ने कार्य	भवानी निर्माण सेवा	७, ५७ , १३०.
१०७-१०८१। ११।२	रामएकवाल सरको घर देखि कमला श्रीवास्तवको घर सम्म सडक ढलान कार्य गौर ३	डक ढलान गर्ने कार्य	त्रिलोक निर्माण सेवा	२, ८७ , ४८९
१०९-१०८१। ११।५	नथुनी यादवको घरदेखि नहर सडकसम्मको नालामा स्लेब निर्माण कार्य गौर ५	नाला निर्माण तथा स्लैब निर्माण कार्य	सिध्ध बाबा निर्माण सेवा	१, ८९ , ७७९
१२१-१०८१। ११।२७	इस्लाम मंसुरीको घरदेखि रामएकवालको घरसम्म सडक ढलान गर्ने कार्य गौर ३	सडक ढलान गर्ने कार्य	श्री गणपति निर्माण सेवा	२, ८३ , ७६१

१३०-१०८१।११।२७	वडा नं.९ मा विभिन्न सडक ढलान तथा नाला निर्माण गर्ने कार्य	सडक तथा नाला निर्माण गर्ने कार्य	ॐ निमार्ण सेवा	९३१७४७
१४२-२०८२।१।४	राजकुमार दासको घरदेखि राम एकवाल जयसवालको घरसम्म सडक तथा नाला र स्लेव निर्माण कार्य गौर १	सडक तथा नाला र स्लैब निर्माण गर्ने कार्य	सफल निर्माण सेवा	४, ७५ , १९८
१४४-२०८२।१।१०	वडा नं. ५ मा कृष्णनन्दन यादवको घर नजिकको नहरको बाटोमा वाल तथा अन्य निर्माण गर्ने कार्य	नहरको बाटोमा वाल तथा अन्य निर्माण कार्य	मनोकामना निर्माण सेवा	३४०७०२
१४८-२०८२।१।१५	भगवती मन्दिर देखि गगनदेव महतोको ग्वास सम्म माटोपुरी सडक निर्माण कार्य गौर २	माटोपुरी सडक निर्माण गर्ने कार्य	अमित राज निर्माण सेवा	२, ३४ , ६००.
१४९-२०८२।१।१५	अधुरो सामुदायिक भवन निर्माण कार्य गौर ८	अधुरो सामुदायिक भवन निर्माण	रौनक कन्सट्रकसन	२, ८४ , ३१८
१५४-२०८२।१।२२	वडा नं. १ मा विभिन्न सडक निर्माण गर्ने कार्यष	सडक ढलान तथा नाला निर्माण कार्य	पशुपति निमार्ण सेवा	७, ६४ , ८६५
१६३-२०८२।१।३०	जु.मा.विको पश्चिमपट्टी मेनरोड देखि जरिना खातुनको घर सम्म सडक निर्माण गौर २	सडक निर्माण कार्य	सन कन्सट्रक्सन	२८५४८५
१६५-२०८२।२।१	सरस्वती मा.वि.सिसवा विर्ता देखि गगनदेव साहको घर सम्म नाला र स्लेव निर्माण गर्ने कार्य गौर ७	नाला र स्लैब निर्माण गर्ने कार्य	पशुपति निमार्ण सेवा	२३७६७०
१६७-२०८२।२।६	पोखरीया टोलको मस्जिदमा शौचालय निर्माण तथा मर्मत कार्य गौर ३	डा नं.३ मा पोखरीया टोलको मस्जिदमा शौचालय निर्माण तथा मर्मत कार्य	पशुपति नाथ कन्सट्रक्सन	४६९२२०
१६९-२०८२।२।८	पोखरिया टोलमा मेनरोड देखि फरिद अंसारीको घर सम्म रिट्रेनिङ्गवाल सहित सडक निर्माण कार्य गौर ३	डा नं.३ मा पोखरीया टोलमा मेनरोडदेखि फरिद अंसारीको घरसम्म रिटेनिङगवाल सहितको सडक निर्माण कार्य	आयूष निर्माण सेवा	३३६०२८
१७०-२०८२।२।८	मुसहरी टोलमा सडक तथा नाला निर्माण गर्ने कार्य गौर २	वडा नं. २ मा मुसहरी टोलमा महाबिर माझीको घर देखि देवकली राउतको घर सम्म सडक तथा नाला निर्माण कार्य	सुरतिया कन्स्ट्रक्सन	२८६१४९
१८१-२०८२।२।२०	वडा नं.४ को विभिन्न सडक मर्मत गर्ने कार्य	वडा नं.४ को विभिन्न सडक मर्मत गर्ने कार्य	जय माता दी निर्माण सेवा	१८९१९०
१८२-२०८२।२।२०	विभिन्न सडक तथा नाला निर्माण एवं मर्मत कार्य गौर ९	वडा नं.९ मा विभिन्न सडक मर्मत गर्ने कार्य	पुजा कन्सट्रकसन	८३२१९७
१८४-२०८२।२।२२	ओम शान्ति भवन निर्माण गर्ने कार्य गौर ८	भवन निर्माण	जे. एन कन्सट्रक्सन	९५६३१८
१८५-२०८२।	मूल सडक देखि विजय सहनीको घरसम्म	सडक ढलान गर्ने कार्य	ॐ कन्सट्रकसन	२३३६८२

२।२३	सडक ढलान कार्य गौर ४			
१८७-२०८२। २।२३	वडा नं.२ मा लालबाबु चौधरीको घरदेखी बद्री राउतको घरसम्म स्लेब सहितको नाला निर्माण कार्य	स्लेब सहितको नाला निर्माण कार्य	कालिमाई कन्स्ट्रकसन	९५९६३३
१९२-२०८२। २।२७	रोशन साहको घरदेखि विरेन्द्र साहको घरसम्म सडक तथा नाला निर्माण कार्य गौर १	सडक तथा नाला निर्माण गर्ने कार्य	शिव शंकर भोले कन्स्ट्रक्सन	२८८९२७
२०२-२०८२। ३।४	वडा नं. ८ मा रहेको पैनीलाई सिचाईको प्रयोजनार्थ उत्खनन तथा सरसफाई गर्ने कार्य	वडा नं.८ मा रहेको पैनीलाई सिचाइ प्रयोजनार्थ उत्खन्न तथा सरसफाई गर्ने कार्य	हाम्रो निर्माण सेवा	४, ७३ , ०२२
२०३-२०८२। ३।४	ढांगर टोलमा मन्दिर निर्माण गर्ने कार्य गौर ८	वडा नं.८ ढांगर टोलमा मन्दिर निर्माण गर्ने कार्य	सिध्ध बाबा निर्माण सेवा	३८२८७२
२०९-२०८२। ३।५	वडा नं. ७ मा नाला निर्माण तथा स्लेब जडान गर्ने कार्य	वडा नं.७ मा नाला र स्लेब निर्माण तथा स्लेब जडान गर्ने कार्य	शिव शक्ति निर्माण सेवा	१०६२६६४
२१५-२०८२। ३।१५	विरेन्द्र सहायक राजमार्ग गौर ६ देखि सिसवा गौर ७ जोड्ने सडक निर्माण कार्य	डा नं. ७ को सिसवा जोड्ने सडक निर्माण कार्य	शिव निर्माण सेवा	८, १५ , ०७९
२१९-२०८२। ३।१६	अधुरो हनुमान मन्दिर निर्माण गर्ने कार्य गौर १	हनुमान मन्दिर निर्माण गर्ने कार्य	त्रि टेक इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड बिल्डर्स	७, २२ , २०२
२२०-२०८२। ३।१६	गौर ६ को ओम शान्ति भवनको अधुरो कार्य तथा सौन्दर्यीकरण गर्ने कार्य	वडा नं.६ को ओम शान्ति भवनको अधुरो कार्य तथा सौन्दर्यिकरण गर्ने कार्य	मनोकामना निर्माण सेवा	३, ८५ , ०००
२२१-२०८२। ३।१७	वडा नं. ९ को कब्रिस्तानमा कम्पाउण्डवाल निर्माण गर्ने कार्य	वडा नं.९ मा कब्रिस्तानको कम्पाउण्डवाल निर्माण गर्ने कार्य	अमित राज निर्माण सेवा	४८४०३०
२२८-२०८२। ३।१९	सनोज उपाध्यायको घरदेखि काशी उपाध्यायको घरसम्म सडक ढलान गर्ने कार्य गौर ४	पि.सि.सि.ढलान गर्ने कार्य	आमोद कन्स्ट्रक्सन	४२५०३६
२३५-२०८२। ३।२३	वडा नं.८ मा भिखारीको घरदेखि राधेश्यामको घरहुदै गनी महमदको घरसम्म सडक तथा नाला निर्माण गर्ने कार्य	सडक तथा नाला निर्माण	ए.वि. कन्ट्रक्सन	७७०९३९
२४४-२०८२। ३।२४	वडा नं.७ मा नाला र स्लेब निर्माण तथा स्लेब जडान गर्ने कार्यको बिल बमोजिमको रकम भुक्तानी ।	नाला र स्लेब निर्माण तथा स्लेब जडान गर्ने कार्य	शिवशक्ति निर्माण सेवा	८९०६६३

८५ **खाद्यान्न बालीको उन्नत बीउ अनुदान**

नगरपालिकाले खाद्यान्न बालिको उन्नत बीउ उपयोग अनुदानको लागि ५०% अनुदानमा धान बाली वितरणको लागि रू.१९,९८,७७६ को लागत अनुमान तयार गरी मनोज बीउ भण्डार (३०१०८०३६३) सँग कार्तिक-१, सावित्री, राधा र ललका बासमती लगायतका धानका बीउ खरिद गरी भौ.नं.२०२-०८२।३।१५ बाट ५० प्रतिशत बापत रू.९,९९,३८८ भुक्तानी दिएको छ। उक्त शिर्षकमा रू.११,०४,००० बजेट विनियोजन भएपनि पालिकाले रू.१९,९९,००० को लागत अनुमान तयार गरी २०८२।१।५ मा सिलबन्दी दरभाउपत्रको लागि द राइजिङ्ग रौतहट पत्रिकामा सूचना आह्वान गरेकोमा ०.०१ प्रतिशत Below मा मनोज बीउ भण्डारले कबोल

गरेको छ। कृषक/लाभग्राही छनौटको आधार, वडाको सिफारिस, जग्गाको लालपूर्जा तथा अनुगमन प्रतिवेदन लगायतका प्रक्रिया बेगर वितरण गरेकोले वास्तविक लाभग्राहीले अनुदान पाए नपाएकोमा प्रमाण पेश नभएको अनियमित देखिएको रू.

अनियमित भएको	१९,९८,७७६

८६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु. ८१ लाख ६४ हजार मध्येबाट सडक मर्मत, कुलोपैनी मर्मतमा रू. ६९ लाख २६ हजार खर्च भएको छ । सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ४८ लाख १२ हजार खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ६१८ जनाले निवेदन दिएकामा जम्मा ८१ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ९ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी पालिकाले दिएको छ । ९ वटा वडामा सञ्चालित कार्यक्रममा ८१ जनालाई दैनिक ६६८ को दरले अधिकतम ९४ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : गौर नगरपालिका, रौतहट , गौर नगरपालिका , रौतहट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
६,१५३,५२८	१७,७४३,१३३	१५,५३६,१६५	०	०	३८५,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३९,८१७,८२६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६५०,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३९,१६७,८२६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२२२६०६८१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३६८९५०३५१	चालु खर्च	३३९७६५१७७
प्रदेश सरकारबाट अनुदान	२३००३०००	पूँजीगत खर्च	१५८५२२५४९
राजश्व बाँडफाँट	९४५०६३८३	वित्तीय/अन्य व्यवस्था	१५९९८९०११
आन्तरिक आय	२३०३६८८६		
अन्य आय	१५०३३१५६०		
कुल आय	६५९८२८१८०	कुल खर्च	६५८२७६७३७
बाँकी मौज्दात		२३८१२१२४	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।